नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ३ ● अंक २७९ ● २०८२ साल भाद्र १५ गते आइतबार ● Sunday 31, August 2025 ● सूर्योदयः बिहान ५:४४ बजे ● सूर्यास्तः साँझ ६:२६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## राष्ट्रपति सी र प्रधानमन्त्री ओलीबीच भेट



**चीन** । प्रधानमन्त्री केपी शर्मा ओली र चीनका राष्ट्रपति सी चिनफिङबीच दुई पक्षीय भेटवार्ता भएको छ । शाङ्घाइ सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनमा सहभागी हुने सिलसिलामा शनिबार अपराह्न चीन पुगेका प्रधानमन्त्री ओलीले राष्ट्रपति सीसँग थियानजिन अतिथिगृहमा भेटवार्ता गरेका हुन् । त्यसअघि उनले प्रधानमन्त्री ओलीलाई स्वागत गरेका थिए ।

# महिला आत्मनिर्भर बन्न अवसर सिर्जना गरिनुपर्छः पूर्वराष्ट्रपति






**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले उद्योग–व्यवसायीलगायत सबै क्षेत्रमा महिलाको समान सहभागिता नभएसम्म समृद्ध नेपाल बनाउन नसकिने धारणा व्यक्त गरेकी छन् । उनले उद्योग, वाणिज्य, शिक्षा, स्वास्थ्य र राजनीतिमा महिलालाई अवसर प्रदान नगरेसम्म समृद्ध नेपालको सपना साकार हुनै नसक्ने विचार व्यक्त गरेकी हुन् ।

'नारीः शक्ति, समर्पण र सम्मान' भन्ने मुख्य नारासहित वीरगंज उद्योग वाणिज्य संघले शनिबार वीरगंजमा गरेको 'बृहत महिला सम्मेलन २०८२' उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले अवसरबाट वञ्चित पारिएका महिलालाई निर्णय तहसम्म पुग्ने वातावरण बनाएपछि मात्र मुलुक दिगो समृद्धितर्फ उन्मुख हुने धारणा राखिन् । उनले मुलुकमा बढ्दै गएको परनिर्भरतालाई कम गर्न स्थानीय उत्पादनमा जोड दिनुका साथै स्वदेशी उत्पादनको उपभोगमा सबैले जोड दिनुपर्ने बताइन् । साथै उद्यमशील महिलालाई सरकारले प्रोत्साहित गर्न आवश्यक रहेको पनि उनको भनाइ थियो ।

वीरगंज उद्योग वाणिज्य संघकी महिला उद्यमशीलता समितिकी अध्यक्ष एवम् कार्यक्रम संयोजक डा.लक्ष्मी थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले चुरे क्षेत्रको अत्यधिक दोहनका कारण अहिले तराई–मधेशका जिल्लामा जलसंकट देखा परेको ठोकुवा गरिन् । लामो समयदेखि चुरे क्षेत्रका प्राकृतिक स्रोतको दोहनका कारण तराइका जिल्ला मरुभूमिमा रुपान्तरण हुँदै गएको र सर्वसाधारणलाई खानेपानी तथा किसानलाई कृषि प्रयोजनका लागि पानी अभाव भएको उनले स्पष्ट पारिन् ।

तराईमा देखिएको जलसंकटलाई सरकारले गम्भीरतापूर्वक लिएर चुरेको संरक्षणमा लाग्नुपर्ने सुझाव पनि पूर्वराष्ट्रपति भण्डारीले दिइन् ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघकी उपाध्यक्ष जोस्ना श्रेष्ठले राज्यको नीतिनियमदेखि कार्यान्वयन तहसम्म महिलाको सहभागिता भए मुलुकमा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समृद्धि हासिल गर्न सकिने धारणा व्यक्त गरिन् । उनले महिला उद्यमी भए परनिर्भरता घट्दै जाने भएकाले उद्यममा लागेका महिलालाई सरकारले आफ्ना नीति तथा कार्यक्रममा प्रोत्साहित गर्नुपर्नेमा जोड दिइन् ।

त्यस्तै, कार्यक्रममा सहभागी वरिष्ठ सौन्दर्यकर्मी कमला श्रेष्ठ, उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमलगायतका वक्ताले महिला र पुरुषको समन्वयले मात्र सबै क्षेत्रमा उन्नति र प्रगति सम्भव हुने धारणा व्यक्त गरेका थिए ।

### ५१ किलोको माला

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई नेकपा एमालेका नेता कार्यकर्ताले स्वागत गर्दै ५१ किलोको माला लगाइदिएका थिए । एमाले नेतृत्वले कार्यक्रममा सहभागी नहुन निर्देशन दिए पनि केही नेता कार्यकर्ता बाराको सिमरा विमानस्थल पुगेर भण्डारीलाई स्वागत गरेका हुन् ।


भण्डारीलाई स्वागतको नेतृत्व गर्नेमा स्थायी कमिटी सदस्य मुकुन्द न्यौपाने, पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, सचिवालय सदस्य जयप्रकाश थारु, केन्द्रीय सदस्य केदार न्यौपाने, अरविन्द सिंह, मधेश प्रदेश सचिव मनोज पौडेल, वीरगंज महानगर अध्यक्ष नवराज शर्मा, बाराको जीतपुर सिमरा उपमहानगर पालिकाका उपमेयर भोलाप्रसाद अधिकारी थिए ।

### पार्टी नेताहरुसँग छलफल छैन

आइतबार बाराको कलैयामा मदन भण्डारी फाउन्डेसनको कार्यक्रममा पनि पूर्वराष्ट्रपति भण्डारीको सहभागिता हुनेछ । यसैले भण्डारी वीरगंजमै हुनेछिन् । 'उद्योग वाणिज्य संघको कार्यक्रममा आउनु भएको हो, पार्टीका नेताहरुसँग कुनै औपचारिक भेटघाट र छलफल छैन,' एमाले पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले भने ।

'एमालेले राष्ट्रपति बनाएको र हाम्रो गौरवको विषय हो, यसैले आफ्नो गृहनगरमा आउँदा विमानस्थलमा स्वागत गरेका हौँ,' एमाले मधेश प्रदेश सचिव मनोज पौडेलले भने, 'भोलि कलैयामा कार्यक्रम छ भन्ने सुनेका छौँ, योबाहेक अरु पार्टीनिकट कुनै भेला छलफल उहाँसँग छैन, औपचारिक भेटघाट र छलफल पनि कतै छैन ।' एमाले पर्साका सचिव महेश दासले भने वीरगंजमा औपचारिक कुनै कार्यक्रम नभएकाले विद्या भण्डारी उपस्थित हुने कार्यक्रममा सहभागी नहुन एमालेजनालाई सामाजिक सञ्जालमार्फत आग्रह गरेका थिए ।

# नेपाल–भारत सम्बन्ध सुदृढ बनाउने रिपोर्टिङ आउनु पर्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी मन्त्री प्रदीप यादवले नेपाल र भारतको सम्बन्धलाई अझै प्रगाढ र सौहार्दपूर्ण बनाउँदै लैजानुपर्ने बताएका छन् ।

मिडिया फर बोर्डर हार्मोनी नेपालले शनिबार वीरगंजमा गरेको नेपाल–भारत क्रस बोर्डर मिडिया कन्क्लेभ समापनमा उनले कन्क्लेभले पारित गरेको घोषणापत्रले दुवै मुलुकबीच सौहार्दपूर्ण वातावरण बनाउन सहयोगी भूमिका निर्वाह गर्नुपर्ने बताए ।

'यस्ता कार्यक्रमले दुवै मुलुकबीच आपसी सम्बन्ध विस्तार र सम्बन्ध बढाउन पनि सहयोगी भूमिका निर्वाह गर्नेछ,' उनले भने, 'दुवै देशबीच सुमधुर सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक सम्बन्ध कायम राख्न जरुरी छ । ससाना खालका कुरालाई बढता दिने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी छ ।'

मन्त्री यादवले कतिपय भारतीय मिडियाले नेपाल र भारतबीचको सम्बन्ध बिगार्ने गरी विभिन्न अफवाह फैलिने समाचार सम्प्रेषण गर्दा दुवै मुलुकबीच समस्या हुनेतर्फ सहज रहन अनुरोध गरे । 'नेपालको पानीले भारतको विहारमा तबाही भयो भन्ने आशयका समाचार प्रकाशन तथा प्रसारण गर्ने गरेको देखिएको छ,' उनले भने, 'नेपालका नदीनालाको पानी भारत बग्नेतर्फलाई गलत ढङ्गले बुझ्नु हुँदैन ।'

### १७ बुँदे घोषणापत्र जारी

मिडिया फर बोर्डर हार्मोनी नेपालले कार्यक्रममार्फत १७ बुँदे घोषणापत्र जारी गरेको छ ।

कन्क्लेभको घोषणापत्र जारी गर्दै पत्रकार क्रान्ति शाहले कन्क्लेभले दुवै मुलुकबीच साझा मुद्दा खोजी गरेर सार्वजनिक गर्ने र ती मुद्दा दुवै मुलुकका तर्फका सरकार र सम्बन्धित निकायबाट सम्बोधन गर्न पहल गर्ने रहेको बताए । त्यसै गरी कन्क्लेभले गलत सूचना र दुष्प्रचारको समस्याबाट मिडियालाई जोगाएर तथ्यपूर्ण रिपोर्टिङका लागि सक्रिय हुने उल्लेख गरिएको छ । घोषणापत्रले दुवै देशका नागरिकका वास्तविक समस्यालाई फिल्ड रिपोर्टिङ गरेर उजागर गर्ने रहेको छ । त्यस्तैगरी दुवै देशको कुनै पनि समाजमा द्वन्द्व वा वैमनश्यता उत्पन्न हुनसक्ने रिपोर्टिङबाट परहेज गर्ने उल्लेख गरिएको छ ।

मधेश प्रदेश आमसञ्चार प्राधिकरणका पूर्व अध्यक्ष श्यामसुन्दर यादवले यस्ता रचनात्मक कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिन अनुरोध गरे । मिडिया फर बोर्डर हार्मोनी भारतका अध्यक्ष अमरेन्द्र तिवारीले यस्तो सम्मेलन आगामी दिनमा पनि नियमितरूपमा सञ्चालन गरेर दुवै मुलुकबीच सौहार्दपूर्ण सम्बन्ध विस्तार गरिने बताए ।

# नेपाल र भारतबीचका समस्या आपसी समझदारीमा मिलाउनुपर्छ



कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले नेपाल र भारतबीच देखापरेको समस्या आपसी समझदारी गरेर मिलाउनुपर्ने बताएका छन् । मिडिया फर बोर्डर हार्मोनी, नेपालले गरेको 'नेपाल–भारत क्रस बोर्डर मिडिया कन्क्लेभ २०२५' मा उनले दुवै मुलुकबीच समन्वय र सहकार्य गरेर विवाद टुङ्ग्याउनुपर्ने बताए । मन्त्री चौररियाले भने, 'दुवै मुलुकबीच सदियौँदेखि सौहाद्र्रपूर्ण सम्बन्ध रहँदै आइरहेको छ । कहिलेकाहीँ सम्बन्धमा उतारचढाव आए पनि समझदारीमार्फत नै टुङ्ग्याउनुपर्ने हुन्छ ।'

नेपाल र भारतबीचको सम्बन्ध संसारका अन्य कुनै पनि मुलुकमा पाउन नसक्ने उनको भनाइ थियो । 'दुवै मुलुकका जनताबीचको आत्मीय सम्बन्ध संसारको अन्य कुनै पनि मुलुकमा प्राप्त गर्न सकिँदैन । सञ्चारमाध्यमले दुवै मुलुकलाई तोड्ने नभएर जोड्नेतर्फ अग्रसर हुन जरुरी छ,' कानूनमन्त्री चौरसियाले भने ।

उनले नेपाल र भारतका नेतृत्वले दुवै देशमा भएका प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण सहयोग र सदासयता देखाएको उल्लेख गर्दै त्यो सम्बन्धलाई थप बलियो बनाउन वर्तमान नेतृत्वले भूमिका खेल्नुपर्नेमा जोड दिए ।

मधेश प्रदेशसभा सदस्य श्याम पटेलले विगतमा नेपाल र भारतबीचको सम्बन्ध निकै सौहाद्र्रपूर्ण र सरल भए पनि पछिल्लो समय संवेदनशील बन्दै गइरहेको बताए । दुवै मुलुकबीचको सम्बन्धलाई सौहाद्र्रपूर्ण बनाउन मिडियाले खोजमूलक र सत्यतथ्यमा आधारित भएर समाचार सङ्कलन तथा सम्प्रेषण गर्न जरुरी रहेको उहाँको भनाइ थियो । कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाल र भारतबीचको सम्बन्ध जनस्तरमा सौहाद्र्रपूर्ण र सदासयतापूर्ण रहँदै आएको बताउँदै मिडियाले पनि दुवै मुलुकबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउन भूमिका खेल्नुपर्नेमा जोड दिए । 'नेपाल र भारतबीच जनताको सम्बन्ध मनदेखि नै हुन जरूरी देखिन्छ,' उनले भने, 'दुवै मुलुकका मिडियाले समाचार सङ्कलन र सम्प्रेषण मात्रै नभएर पृष्ठपोषणमा पनि ध्यान दिन आवश्यक छ । पृष्ठपोषणले मात्रै प्रभावकारी सञ्चार गराउन मद्दत पुऱ्याउनेछ ।'

अग्रज पत्रकार हस्त गुरुङले नेपाल र भारतबीच 'ग्रासरुट'देखि नै आत्मीय सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिए । पूर्वराजदूत विजयकान्त कर्णले नेपाल र भारतबीच राजनीतिक सीमा भए पनि जनताबीच कुनै पनि प्रकारको सीमा नरहेको धारणा राखे । मिडिया फर बोर्डर हार्मोनी, नेपालका अध्यक्ष अनिल तिवारीले कार्यक्रमले दुवै मुलुकका मिडियाबीच आपसी सम्बन्ध विस्तार र प्रवद्र्धनका लागि सहयोगी भूमिका निर्वाह गर्ने बताए । मिडिया कन्क्लेभमा दुवै मुलुकका सम्पादक, सञ्चारकर्मी, सञ्चारक्षेत्रका विज्ञ, नीति निर्माता, डिजिटल कन्टेन्ट क्रियटर्सको सहभागिता रहेको महासचिव रितेश त्रिपाठीले जानकारी दिए ।

# भूमि विधेयक मधेश मरुभूमि बनाउने षड्यन्त्रः यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादवले सरकारले ल्याएको भूमि विधेयक मधेशलाई मरुभूमि बनाउने रणनीतिअनुरूप आएको आरोप लगाएका छन् । शनिबार जनकपुरधाममा आयोजित मधेशी स्वास्थ्यकर्मी फोरम मधेश प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन समारोहमा यादवले चुरे विनाशका कारण मधेशमा भूमिगत पानीको सतह दिनप्रतिदिन खस्किँदै गएको बेला सरकारले ल्याएको भूमि विधेयकले समस्या अझ गहिरो बनाउने चेतावनी दिए । उनले भने, 'चुरे वन क्षेत्रको विनाश रोक्ने जिम्मेवारी राज्यको हो । तर, उल्टै सरकारकै कदमले त्यसलाई नष्ट पार्ने काम भइरहेको छ । यसरी विधेयक पारित भए मधेश केवल मरुभूमि मात्र नभई औपनिवेशिकरणको चपेटामा पर्ने निश्चित छ ।'

यादवले देशलाई विकासतर्फ लैजान सरकार सही बाटोमा लाग्नु पर्नेमा उल्टो बाटो समातेको टिप्पणी गरे । उनका अनुसार भूमिसम्बन्धी नयाँ विधेयक बिचौलिया र भूमि माफियाको इसारामा आएको हो । यसको प्रभाव मधेशको अस्तित्वमै खतराका रूपमा देखिनेछ । 'मधेशलाई मरुभूमि बनाउने यो विधेयकविरुद्ध जसपाले शुरु गरेको आन्दोलनलाई निष्कर्षसम्म पु¥याउन हामी प्रतिबद्ध छौँ,' यादवले भने । अध्यक्ष यादवले प्रजातन्त्रको ३५ वर्षे अवधिमा मुलुक अघि बढ्नुको साटो झन् अधोगतितर्फ गएको आरोप पनि लगाए । उनले प्रमुख दुई पार्टी कांग्रेस र एमालेलाई यो अवस्थाको जिम्मेवार ठहर गर्दै भने, 'यस अवधिमा उद्योग–धन्दा बन्द भए, शिक्षाको गुणस्तर खस्कियो, मुलुक ऋणमा डुब्यो । अहिले त नेपाल ग्रे लिष्टमै पुगेको छ ।'

उनका अनुसार गरिबी, भ्रष्टाचार र वेथितिले चरम सीमा नाघेको कारण नयाँ आन्दोलन अपरिहार्य भएको छ । स्वास्थ्यकर्मी फोरम मधेश प्रदेशले तत्कालीन मधेशी जनअधिकार फोरमको झझल्को दिएको उल्लेख गर्दै अध्यक्ष यादवले अधिवेशन सफलताको शुभकामना व्यक्त गरे । त्यस अवसरमा जसपा नेपालका महासचिव एवम् मधेश प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउतले पनि भूमि विधेयक संविधानकै मर्म विपरीत रहेको दाबी गरे । उनले भने, 'यो विधेयक मधेशीलाई अल्पमतमा पार्ने महेन्द्रपथीय सोचको निरन्तरता हो । त्यसैले यसको विरुद्ध संघर्ष अपरिहार्य छ ।'

स्वास्थ्यकर्मी फोरम मधेश प्रदेशका अध्यक्ष विनोद यादवको अध्यक्षतामा सम्पन्न अधिवेशनको उद्घाटन सत्रमा जसपा महासचिव रामकुमार शर्मा, कोषाध्यक्ष सुरिता साह, कार्यकारिणी सदस्य हरिनारायण यादव, डा. सुरेन्द्र यादवलगायत नेताहरूको सहभागिता थियो । अधिवेशन दुई दिनसम्म चल्नेछ ।

# स्वदेशवादलाई वैकल्पिक राजनीतिक विचारधारा बनाउनुपर्नेमा जोड




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रीय उपाध्यक्ष डा.राजीव झाले स्वदेशवादलाई वैकल्पिक राजनीतिक विचारधारा बनाउनुपर्नेमा जोड दिएका छन् । रामुपाको धनुषा जिल्ला समितिको विस्तारित बैठकमा सम्बोधन गर्दै केन्द्रीय उपाध्यक्ष डा. झाले यस्तो धारणा राखेका हुन् । उनले माओवाद, मार्क्सवाद, लेनिनवाद जस्ता आयातित विचारधाराले नेपाललाई गरिबीको दलदलमा धकेलेको आरोप लगाउँदै स्वदेशी विचारधारा मात्र देशलाई धनी बनाउन र विश्व सामु चिनाउन सक्षम हुने धारणा राखे । त्यसैगरी पार्टीका प्रवक्ता रमण पाण्डेयले मधेशी, आदिवासी, जनजाति सबैलाई एकजुट हुन आग्रह गरे । साथै हिन्दी भाषालाई नेपाली सरह मान्यता दिनुपर्ने माग समेत गरे । रामुपाका जिल्ला अध्यक्ष राजेश चौधरीले पार्टीलाई आउँदो निर्वाचनमा वैकल्पिक शक्ति बनाउन आफु जिल्लाको अध्यक्षको हैसियतमा क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरे । उनले जिल्लामा दलित, मुस्लिम, महिला, आदिवासी, जनजाति लगायत सबै समुदायलाई समेट्दै सम्मान दिलाउने प्रतिबद्धता जनाए । अनुशासन समितिका अध्यक्ष संजय सिंहले कुनै पनि संगठनको सफलताका लागि अनुशासन अपरिहार्य हुने बताउँदै मधेश आन्दोलनका शहीदलाई सम्मान गर्नु पर्ने बताए । केन्द्रीय सचिव संजय चौधरीले नेपालको राज्यसत्ता अहिलेसम्म एकल चरित्रको भएको उल्लेख गर्दै ३१ प्रतिशत मधेशी, ३८ प्रतिशत जनजाति र ३१ प्रतिशत खसआर्यको जनसंख्याको आधारमा सहभागिता सुनिश्चित गर्दै राज्यलाई समावेशी बनाउनुपर्नेमा जोड दिए । स्वागत मन्तव्य जिससको पूर्वउपसभापति दीपक झाले राखेका थिए । बैठकलाई निष्कर्षमा पुर्याउँदै जिल्लाको आगामी राजनीतिक अभियानलाई प्रभावकारी बनाउन व्यापक एकता र संगठन विस्तार गर्ने निर्णय गरिएको छ । कार्यक्रममा राम जीवन साह, विजय यादव, विजय राय, सरगुन पासमान, शिव शंकर राउत लागायतकाले मन्तव्य राखेका थिए । बैठकले जिल्ला कार्यसमितिलाई हाललाई ५१ सदस्यीय बनाउँदै विस्तार गर्ने निर्णय गरेको छ । साथै, युवा समिति जिल्ला संयोजकमा किशन साहलाई मनोनयन गरिएको छ । एक साताभित्र जिल्लाको पदाधिकारीलाई पूर्णता दिन र सो प्रक्रियामा जिल्लास्थित केन्द्रीय कार्यकारिणी सदस्यहरूको सल्लाहमा एक सप्ताहभित्र मनोनयन गर्ने जिल्ला अध्यक्ष राजेश चौधरी राजुलाई जिम्मेवारी दिने बैठकले निर्णय गरेको छ ।

# खानेपानी मन्त्री र मेयरलाई धम्की दिने महिला पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी मन्त्री प्रदीप यादव र वीरगंज महानगरका मेयर राजेशमान सिंहलाई मोबाइलमा फोन गरी धम्की दिने महिलालाई पर्सा प्रहरीले शनिबार नियन्त्रणमा लिएको छ । यादव र सिंहलाई फोन गरी धम्की दिने वीरगंज महानगरपालिका–२४, रामगढवाकी किरण साहलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको हो ।
मन्त्री यादव र मेयर सिंहलाई फोन गरी ज्यान मार्ने धम्की दिएको विषयमा सोधपुछका लागि किरणलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । उनका अनुसार फोनमा गोली ठोकेर हत्या गर्ने धम्की दिइएको गुनासो मन्त्री र मेयरबाट आएपछि सामान्य सोधपुछका लागि किरणलाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको हो । वीरगंजमा फैलिएको हैजाको संक्रमणका कारण किरणकी पितासहित परिवारका अन्य सदस्यहरू गम्भीर बिरामी भई अस्पतालको सघन कक्षामा भर्ना भएको विषयलाई लिएर मन्त्री यादव र मेयर सिंहलाई फोन गरेको र कुराकानीका क्रममा ज्यान मार्ने धम्की दिएको गुनासो आएपछि आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको प्रवक्ता लम्सालले जानकारी दिए ।

# उखु किसानले भदौ २५ गतेदेखि राष्ट्रिय राजमार्ग अवरुद्ध गर्ने




**मधेशदृष्टि**
**काठमाडौं ।**
विभिन्न जिल्लाबाट काठमाडौं आएर प्रदर्शन गरिरहेका उखु किसानहरूले यही भदौ २५ गतेदेखि राष्ट्रिय राजमार्ग अवरुद्ध गर्ने घोषणा गरेका छन् । शनिबार माइतीघरमा पत्रकार सम्मेलन गरेर उनीहरूले आन्दोलनको नयाँ कार्यक्रमको घोषणा गरेका हुन् ।
१३ वटा जिल्लाका उखु किसानहरू काठमाडौंको माइतीघर मण्डलामा सात दिनदेखि धर्ना एवम् विरोध प्रदर्शन गरिरहँदा पनि सरकारले चासो नदिएको कारण सरकारलाई झकझकाउन राष्ट्रिय राजमार्ग बन्दको घोषणा गर्नुपर्ने अवस्थामा पुग्नुपरेको आन्दोलनका संयोजक श्यामबाबु रायले बताए । उनका अनुसार सबै जिल्लाका उखु किसानहरू सर्लाहीको हरिवनमा जम्मा भएर भदौ २५ गतेदेखि अनिश्चितकालीन राष्ट्रिय राजमार्ग अवरुद्ध गर्ने तयारी भएको छ । महासङ्घले निकालेको विज्ञप्तिमा आन्दोलनबाट हुने क्षतिको जिम्मा सरकार, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लिनुपर्ने उल्लेख छ ।

# गौरा पर्वलाई राष्ट्रिय एकताको आधार बनाउन सकिन्छः उपराष्ट्रपति



**मधेशदृष्टि**
**काठमाडौं ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले गौरा पर्व–२०८२ को अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र प्रगतिका लागि शुभकामना व्यक्त गरेका छन् । एक शुभकामना सन्देश जारी गर्दै उपराष्ट्रपति यादवले नेपालका सुदूरपश्चिम र कर्णाली प्रदेशसहित देशभर र विदेशमा रहँदै आएका नेपालीहरूले परम्परागत रूपमा मनाउँदै आएको गौरा पर्वलाई धार्मिक आस्था, सांस्कृतिक सम्पदा र सामाजिक एकताको अनुपम प्रतीकका रूपमा वर्णन गरेका छन् । उनले भने, 'गौरी–महेश्वरको आराधना गरिने गौरा पर्वले धार्मिक श्रद्धा मात्र नभई सामाजिक समता, सहिष्णुता र भ्रातृत्वको भावलाई पनि उजागर गर्दछ ।'
उपराष्ट्रपति यादवले यस पर्वमा पाँच प्रकारका अन्न मिसाएर तयार गरिने 'बिरुडा'लाई प्रसादका रूपमा ग्रहण गर्ने प्रचलनले कृषिसँग सम्बन्धित नेपाली समाजको मौलिक परम्परा झल्किने उल्लेख गरे । देउडा, धमारीजस्ता लोकनृत्य तथा गीतमार्फत महिला–पुरुषले छुट्टाछुट्टै गोलबद्ध भई सामूहिक रूपमा पर्वलाई जीवन्त बनाउने परम्पराले सामाजिक पुनर्मिलन र सांस्कृतिक संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको उनले स्मरण गरे । हिन्दू नारीहरूले सुसौभाग्य, शुद्धता र समृद्धिको कामनासहित मनाउने यो पर्व केवल धार्मिक अनुष्ठान मात्र नभई भ्रातृत्व, सहअस्तित्व र मातृभूमिप्रतिको प्रेमको अभिव्यक्ति भएको उपराष्ट्रपति यादवको भनाइ छ । उनका अनुसार विशेष गरी विदेशमा रहेका नेपालीहरूले यस पर्वको अवसरमा आफ्नो थातथलो फर्केर पूजाआराधना गर्नु मातृभूमिप्रतिको गहिरो निष्ठा र भावनात्मक सम्बन्धको सशक्त प्रमाण हो । गौरा पर्व जात, वर्ग, लिङ्ग वा सामाजिक हैसियतको भेदभाव बिना सबैलाई एउटै वृत्तमा ल्याउने पर्व भएको उल्लेख गर्दै उपराष्ट्रपति यादवले यसले नेपाली समाजमा सहिष्णुता र सहअस्तित्वको सन्देश फैलाउने बताए ।
उनले भने, 'चाडपर्वलाई केवल धार्मिक अनुष्ठानमा सीमित नराखी लोककल्याण र सामाजिक समृद्धिको माध्यमका रूपमा प्रयोग गर्न सकियो भने यी पर्वहरू राष्ट्र निर्माणको आधार बन्न सक्छन् ।' सन्देशमा उनले गौरा पर्वले मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र भावी पुस्तामा यसको हस्तान्तरण गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे । उपराष्ट्रपति यादवले यो पर्वले राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अझ सबल बनाउने विश्वास व्यक्त गर्दै सम्पूर्ण नेपाली समुदायमा पुनः शुभकामना व्यक्त गरेका छन् ।

# पत्रकार लक्ष्मण वियोगीको कथासङ्ग्रह 'सत्यम्'माथि बृहत् विमर्श

**मधेशदृष्टि**
**काठमाडौं ।**
पत्रकार तथा कथाकार लक्ष्मण वियोगीको कथाकृति 'सत्यम्'को विमर्श सम्पन्न भएको छ । पुतलीसडकस्थित ग्रीन लिफ रेस्टुरेन्टमा वरिष्ठ साहित्यकार तथा समालोचकहरूले एक कार्यक्रमकाबीच समीक्षा एवम् टिप्पणी गरे । वरिष्ठ साहित्यकार एवम् समालोचक प्रा.डा. गोविन्दराज भट्टराईको सभापतित्व तथा डा. तुलसीप्रसाद भट्टराईको प्रमुख आथित्यमा भएको विमर्श कार्यक्रममा प्रा.डा. कुमारप्रसाद कोइरालाले प्रमुख वक्ताको भूमिका निर्वाह गरेका थिए । लेखक तथा पत्रकार राजेश खनालले सञ्चालन गरेको कार्यक्रममा १५ कथा सङ्ग्रहित कृतिमा डा. अशोक थापा, डा. शोभा ढुंगाना, टेकनारायण ढकाल, जानुका खतिवडा र देवी तिमल्सिनाले समालोचनात्मक टिप्पणी गरेका थिए ।



समालोचक डा. थापाले चुन्कीको रहस्य, छुटेका पानीहाँस र क्रमु कथामा बोल्दै 'चुन्कीको रहस्य' फरक भाषाबाट कथानक शुरु गरिएकोले यसले पाठकलाई कथाभित्र प्रवेश गर्न शुरुमै बाधा पार्न सक्ने चुनौती देखिएको बताए । 'क्रमु'मा बाहुन केटो र गुर्सेनी केटीबीचको प्रेम जातकै कारण विवाहमा परिणत हुन नसकेको यथार्थलाई कल्पनाभन्दा माथि उठेर सफल प्रेम देखाउन सकेको भए उत्कृष्ट हुने सुझाएका थिए । 'छुटेका पानीहाँस'मा प्रमुख पात्रलाई कुनै गन्तव्यमा नपुर्याइ रहस्यमै छोडिँदिँदा पाठकले खल्लो अनुभूति गर्न सक्ने पाठकीय अनुभूति सुनाएका थिए । अर्की समालोचक डा. ढुङ्गानाले 'स्वप्नलोक', 'प्रेत–यान', 'चराहरू उडे' र 'सौँराई'मा आफ्ना भनाइ राख्दै 'सत्यम्' नामजस्तै कथाहरू यथार्थपरक रहेको बताइन् । उनले माओवादी विद्रोहले जन्माएका पीडा र आघात कथामा प्रस्तुत भएको भन्दै कथाकारले आफू पुरुष भइकन विद्रोही युवतीको पीडादायी घटनालाई भित्रसम्म प्रवेश गरेर उजागर गर्न सफल भएको बताइन् । समालोचक टेकनारायण ढकालले राँकेभूतको लीला, मनफूल झरेपछि र 'हिउँखोलाको आलाप'माथि आफ्ना धारणा राखेका थिए । देशमा भएको माओवादी सशस्त्र द्वन्द्वको पीडा भोग्ने आफू पनि एक पीडित भएको स्मरण गर्दै उनले कृतिकारले कथालाई न्याय गरेको बताए । आख्यानकार तथा समालोचक खतिवडाले 'टाउको', 'रित्तो गुँड' र 'बागियान' कथामा आफ्नो समीक्षा राखेकी थिइन् । युद्धको पृष्ठभूमिमा आधारित कथामा आञ्चलिकता, स्थानीय बोलिचालीले कथाहरूलाई उत्कृष्ट बनाएको भन्दै परिवेशको वर्णनमा कथाकार बढी हाबी भएको पक्ष औँल्याइन् । अर्की टिप्पणीकार तिमल्सिनाले 'ऊ' र 'आँसुको लोरी'मा आफ्ना पाठकीय अनुभूति राखेकी थिइन् । टिप्पणीकारहरूको समीक्षा सुनेपछि समालोचक महेश पौड्यालले देश र समाजमा खण्डित हुँदै गएको सत्य 'सत्यम्'ले देखाएको विश्लेषण गरे । 'माओवादी आन्दोलन, २०६२/६३ को जनआन्दोनल तथा मधेश आन्दोलन शुरु गर्दा जे कुरालाई सत्य भनेर लागियो, त्यो अहिले असत्य सावित हुँदै गएको विषयलाई कथाले व्यङ्ग्यात्मकरूपमा उठान गरेको छ,' उनले विश्लेषण गरे, 'हिजो जे असत्य ठान्यौँ, अहिले त्यही सत्य लागेको विषय पनि छ ।
कथा लेखनका क्रममा कथाकारले राजनीतिक वाद वा पक्षधरता देखिने विषयमा जोगिन सक्नुपर्ने पौड्यालले औंल्याए । देशको ऐतिहासक पृष्ठभूमिका घटनाक्रमलाई तत्तत् समयै टेकेर कथामा बुनिएको टिप्पणी सहित उनले भने, 'यसले वियोगीलाई उम्दा लेखकका रूपमा स्थापित गरेको छ ।' कृतिकारले कृतिमा आफूले ६० प्रतिशत देखे–भोगेकै घटनाका आधारमा कथा लेखेको र बाँकी कलात्मकता थपिएको बताए । पहिलो संस्करणमा देखिएका त्रुटिलाई आगामी संस्करणमा ध्यान दिने भन्दै उनले कृतिमाथि प्राप्त सल्लाह–सुझव, टिप्पणी तथा मार्गनिर्देशलाई आत्मसात् गरेर अघि बढ्ने भनाइ राखे । प्रमुख वक्ता प्रा.डा. कोइरालाले 'सत्यम्'भित्र माओवादी द्वन्द्वका अभिघात घटना, २०६२÷६३ को जनआन्दोलन, मधेश आन्दोलन, पर्यावरण, विज्ञान विषय तथा हिमाल, पहाड र तराईको पृष्ठभूमि समेटिएको बताए । त्यस्तै, आञ्चलिकता, वैचारिक, कारुणिक, स्वैरकल्पना, सामाजिक यथार्थ जस्ता विशेषताले कथालाई सशक्त बनाएको उनको समीक्षा थियो ।
कृतिमा काव्यिक भाषाशैली बढी प्रयोग गरिएको हुँदा त्यस्तो पक्ष कम भएको भए प्रभावकारी हुने भन्दै उनले पात्रहरूले अघि बढाइरहेको कथानकमा लेखकको व्याख्यात्मक हस्तक्षेप बढी देखिएको टिप्पणी गरे । केही ससाना सुधारका विषयबाहेक कथासङ्ग्रह उत्कृष्ट रहेको र यस्तो लेखनले आफूलाई चकित पारेको अनुभूति सुनाए । कार्यक्रमका प्रमुख अतिथि डा. भट्टराईले 'सत्यम्'मा समेटिएका कथाले उत्कृष्ट लेखनको नमुना प्रस्तुत गरेको बताए । 'लेखनको काव्यिक शैलीले कथालाई छुट्टै पहिचान दिएको छ,' उनले टिप्पणी गरे, 'यस्ता उम्दा प्रतिभावान लेखकले आगामी दिनमा अझ सशक्त साहित्यिक कृतिहरू पाठकमाझ ल्याउनुपर्छ ।' 'हिउँखोलाको आलाप' कथामा निबन्धात्मक शैली हावी भएको भन्दै आगामी लेखनमा यस्ता पक्षमा विचार पुर्याउन उनले सुझाव दिए । कथामा गरिएको 'प्रवेशिन्थे', बुर्कुसिनु, 'लन्ठेभारी' जस्ता दर्जनौँ नयाँ शब्दको प्रयोगले कृतिलाई अझ रोचक बनाएको भट्टराईको विश्लेषण थियो । विगतमा मदन पुरस्कारको सूचीमा परेका कृतिको हाराहारी उभिन सक्ने सामथ्र्य 'सत्यम्'मा रहेको उनको निक्र्योल थियो । कार्यक्रमको समापन गर्दै सभापति प्रा.डा. भट्टराईले कथाकार वियोगीको लेखनशैली र शक्ति देखेर आफू ज्यादै प्रभावित भएको खुसी व्यक्त गरे । 'यस्तो सशक्त प्रतिभा कथामा मात्रै खुम्चिनु हुन्न,' उनले सुझाए, 'सिर्जना क्षमता विस्तार गर्दै उपन्यास लेखनतिर लाग्नुपर्छ ।' कृतिकारभित्र उपन्यास सिर्जना गर्न सक्ने क्षमता रहेको पनि उनको निचोड थियो । कार्यक्रममा कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्री, नेपाली लेखक संघका अध्यक्ष वियोगी बुढाथोकी, व्यङ्ग्य कवि लक्ष्मण गामनागे, साहित्यकार एवम् पत्रकार त्रिभुवनचन्द्र वाग्ले, साहित्यिक पत्रकार विमल भौकाजी, साहित्यकारहरू प्रा.डा. अन्जना वस्ती, प्रमोद प्रधान, विजय हितान, हरि गौतम, अनिता पन्थी, जयराम तिमल्सिना, झम्क तिमल्सिना कविहरू महेश कार्की 'क्षितिज', मोहराज शर्मा लगायतको उपस्थिति थियो ।

# जनकपुरधाममा अठारौँ पुस्तकालय दिवस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली विकास कोषको आयोजनामा आइतबार जनकपुरधाममा अठारौँ पुस्तकालय दिवस विशेष कार्यक्रमसहित मनाउन लागिएको छ ।
सो अवसरमा साहित्यकार श्यामसुन्दर शशिद्वारा लिखित 'जनकपुरधामको इतिहास' पुस्तकमाथि परिचर्चा र 'पठन संस्कृतिको विकास' विषयमा अन्तरक्रिया कार्यक्रम हुने भाएको छ । कार्यक्रम जनकपुरधामको ज्ञानकूपस्थित मैथिली विकास कोषको भवनमा आयोजना हुन लागेको कोषका अध्यक्ष जीवनाथ चौधरीले बताए । मैथिली विकास कोषद्वारा आयोजना हुन लागेको पुस्तकालय दिवसका यस्ता गतिविधिहरूले स्थानीय समुदायमा पठन संस्कृतिलाई प्रोत्साहित गर्ने र नयाँ पुस्तालाई पुस्तकसँग जोड्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्ने अध्यक्ष चौधरीले बताए ।

# लिपुलेक नाकाबारे चिनियाँ पक्षसँग कुरा उठाउन बालेनको आग्रह

**मधेशदृष्टि**
**काठमाडौं ।**
काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई लिपुलेक नाकाबारे चिनियाँ पक्षसँग कुरा उठाउन आग्रह गरेका छन् । सामाजिक सञ्जालमा एक सन्देश लेख्दै मेयर शाहले प्रधानमन्त्रीको चीन भ्रमणको सफलताको कामना गर्दै नेपालको सार्वभौमिकतामाथि भएको अतिक्रमणबारे चीनलाई स्मरण गराउन अनुरोध गरेका हुन् ।
यसैबिच कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहलाई दिइएको छ । प्रधानमन्त्री केपी शर्मा ओली शनिबार चीन भ्रमणमा गएपछि उनको अनुपस्थितिमा सिंहलाई कार्यवाहकको जिम्मेवारी दिइएको हो । प्रधानमन्त्री ओलीको सिफारिसमा उनले गर्ने दैनिक प्रशासनिक कार्यका लागि सिंहलाई कार्यवाहक तोकिएको राष्ट्रपति कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ ।

# कार दुर्घटनामा चिकित्सकको मृत्यु

**मधेशदृष्टि**
**चितवन ।**
चितवनको भरतपुरमा शुक्रबार राति भएको कार दुर्घटनामा एक चिकित्सकको ज्यान गएको छ । प्राप्त जानकारी अनुसार भरतपुर महानगरपालिका–१० स्थित विशालचोकबाट रमाइलो चोकतर्फ गइरहेको बा १५ च ४६९३ नम्बरको कार राति करीब १:३० बजे अनियन्त्रित भई सडक किनारमा रहेको रुखमा ठोक्किँदा गम्भीर दुर्घटना भएको हो । दुर्घटनामा परी भरतपुर–२, आँपटारी निवासी २९ वर्षीय डा. विप्लव भट्ट गम्भीर घाइते भएका थिए । उनलाई तुरुन्तै उपचारका लागि पुरानो मेडिकल कलेज लगिएको थियो तर उपचारका क्रममा राति २ बजे मृत्यु भएको चितवन प्रहरीले जनाएको छ ।

# प्रमुख सजरुद्दीन मुसलमानको निधन

**मधेशदृष्टि**
**रुपन्देही ।**
रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दीन मुसलमानको निधन भएको छ । वडा नम्बर–२ का अध्यक्ष ईनामुल्लाह फकिरका अनुसार शनिबार बिहान स्वास्थ्यमा समस्या भएपछि उपचारका लागि भैरहवा लैजाने क्रममा निधन भएको हो । धार्मिक परम्परा अनुसार शवको अन्त्यष्टि लुम्बिनीमा गरिने बताइएको छ । उनी नेपाली कांग्रेसबाट नगर प्रमुखमा निर्वाचित भएका थिए ।

# पानीको समस्या बुझ्न संसदीय टोली सप्तरीको प्रभावित बस्तीमा



**मधेशदृष्टि**
**सप्तरी ।**
राष्ट्रियसभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिका सांसदहरुको संसदीय टोली मधेश प्रदेशको विभिन्न जिल्लामा देखापरेको खानेपानी, सिँचाई, खेतीपाती लगायत क्षेत्रमा देखिएको समस्याबारे जानकारी लिने क्रममा शनिवार सप्तरीको विभिन्न प्रभावित क्षेत्रको स्थलगत निरिक्षण गरेका छन् । राष्ट्रियसभा सदस्य एवम् समितिका सभापति कमला पन्त नेतृत्वको संसदीय टोलीले प्रयाप्त वर्षा नहुँदा उत्पन्न खडेरी, खेतीपातीमा पारेको प्रभाव र स्वच्छ खानेपानी लगायतका समस्या सम्बन्धमा स्थलगत अध्ययन एवम् अवलोकन गरेका हुन् । टोलीमा मधेश प्रदेशको स्वच्छ खानेपानी सम्बन्धि अध्ययन टोली उपसमितिका संयोजक उर्मिला अर्याल तथा सदस्य नारायण दत्त भट, पुजा चौधरी, सावित्री मल्ल, सचिवालयका कर्मचारी तथा यूएनओपिएसका प्रतिनिधिहरु सहभागी छन् । टोलीले शनिवार छिन्नमस्ता र रुपनी गाउँपालिकासहित आधा दर्जन पालिकाका प्रभावित बस्ती पुगेर निरिक्षण गरेका छन् । प्रयाप्त वर्षा नहुँदा परेको असर त कतै स्वच्छ खानेपानीको अभावबारे पिडितहरुले टोलीको ध्यानाकर्षण गराउँदै ठोस उपायका लागि पहल गरिदिन आग्रह गरेका थिए । टोलीले प्रयाप्त वर्षा नहुँदा तथा स्वच्छ खानेपानीको अभावमा भएको क्षति तथा राहत वितरणको अवस्थाबारे समेत जानकारी लिएका छन् । स्थलगत निरिक्षण पश्चात् सञ्चारकर्मीहरुसित कुरा गर्दै समितिका सभापति कमला पन्तले मधेश प्रदेशमा देखापरेको पानीको समस्या तत्कालिन, मध्यकालिन र दीर्घकालीन समाधानका लागि अध्ययन गरी उपयुक्त सुझाव तयार गर्न आफुहरु टोलीसहित स्थलगत अध्ययन एवम् अवलोकनमा खटिएको बताइन् । उनले पानीको समस्या समाधान गर्न चुरे क्षेत्रको संरक्षण आवश्यक रहेको भन्दै यसका लागि एकिकृत कार्ययोजना बनाउने कार्यमा स्थानीय सरकारका रुपमा रहेको पालिकाहरुले पनि आ–आफ्नो भूमिका खेल्नुपर्नेमा जोड दिइन् । स्वच्छ खानेपानी अध्ययन उपसमितिकी संयोजक उर्मिला अर्यालले चुरे क्षेत्रमा व्यापक रुपमा वृक्षारोपण तथा यसको संरक्षणका लागि चाहिने आवश्यक रणनीति टोलीले आफ्नो प्रतिवेदनमा समेटने बताइन् । टोलीका अर्का सदस्य सावित्री मल्लले मधेशमा भूमिगत पानी सुकेर यस्तो समस्या देखिएको भन्दै आफुहरुले तयार गर्ने प्रतिवेदनमा स्थलगत अध्ययनका क्रममा देखिएका समस्या र तिनका समाधान दुवै विषय उठान गर्ने भएकाले सञ्चारकर्मीहरुलाई आवश्यक सुझाव दिन अनुरोध गरेकी थिइन् ।
सञ्चारकर्मीहरुले पानीको श्रोतको संरक्षण, वनजंगल मासिने कार्यमा रोक, कुलोहरुको निर्माण, वैकल्पिक सिँचाईको व्यवस्था, व्यापकरुपमा वृक्षारोपण तथा चुरे क्षेत्रको संरक्षण लगायतका कार्यक्रम प्रभावकारी ढंगले अघि बढाउनुपर्ने सुझाव दिएका थिए ।
कार्यक्रममा यूएनओपीएसका सरोज दाहाल, आलोक ठाकुर, सुनिल कुमार दास, सुनिल अधिकारी लगायतले खानेपानीको विद्यमान अवस्था र यसका लागि भइरहेका प्रयासहरुबारे जानकारी गराएका थिए ।

# जेहादी आतंकवादविरुद्ध राष्ट्रिय एकता अभियान




**मधेशदृष्टि**
**बारा ।**
बाराको परवानीपुर गाउँपालिका–५ रामपुरमा जेहादी आतंकवादविरुद्धको जनजागरण अभियान अन्तर्गत राष्ट्रिय एकता अभियानले भेला सम्पन्न गरेको छ ।
कार्यक्रमका प्रमुख वक्ता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले मधेश प्रदेशमा बढ्दो जेहादी गतिविधिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने आवश्यकता औंल्याए । उनले विश्वशान्तिका लागि हिन्दू दर्शनको विश्वव्यापी प्रचार–प्रसार अपरिहार्य भएको बताउँदै राष्ट्रिय एकता अभियानले यही अभियानलाई अघि बढाइरहेको उल्लेख गरे । त्यसैगरी समाजसेवी एवम् हाड–जोर्नी विशेषज्ञ डा. अजय यादवले नेपालका राजनीतिक दलहरूले सनातन संस्कृति र मूल्यप्रति देखाएको उदासीनताका कारण देशमा जेहादी घुसपैठ बढ्दै गएको बताए । उनले हिन्दुत्वको संरक्षणमा नागरिक सचेतना आवश्यक रहेको जोड दिए । भेलामा अभियानका अवधेश मण्डल, रामाशीष यादव तथा संरक्षक सेवक सौरभनाथ बाबालगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा अभियानी सन्दीप रायभरले सञ्चालन गरेका थिए । कार्यक्रमले स्थानीय तहमा अभियानको संगठन विस्तार गर्ने निर्णय गर्दै नयाँ समिति गठनसमेत गरेको छ ।

# तस्करी नियन्त्रण गर्न सीमामा गस्ती गर्दै संयुक्त सुरक्षाकर्मी

**मधेशदृष्टि**
**रौतहट ।**
चोरी तस्करी तथा अपराध नियन्त्रण गर्न संयुक्त सुरक्षाकर्मीले रौतहटको विभिन्न सीमावर्ती क्षेत्रमा कडाई गरेको छ ।
गौर भन्सारस्थित सशस्त्र प्रहरी बर्डर आउट पोष्ट र सीमा सुरक्षामा तैनाथ नेपाल प्रहरीले आफ्ना मातहतका सीमा क्षेत्रमा कडाई गरेको हो । विगत केही दिनदेखि चोरी तस्करी तथा अपराधिक गतिविधी बढेको भन्दै संयुक्त सुरक्षाकर्मीले गस्ती बढाएको छ । बिहारमा हुने निर्वाचनको क्रममा कुनै पनि अपराधिक व्यक्तिहरु सजिलै ओहोर दोहोर गर्न रोकथामका लागि सीमावर्ती क्षेत्रमा कडाई गरिएको हो । भन्सार सुरक्षा गार्डका प्रमुख गोपाल सहनी र बोर्डर आउट पोष्टका असई रबिन थापाको नेतृत्वमा सीमा क्षेत्रको १५ किलोमिटरसम्म निगरानी बढाएको सशस्त्र प्रहरी नायब उपरीक्षक गान्डीवराज स्यागतानले बताए । उनले विगत केही दिनदेखि सीमा क्षेत्रबाट चोरी तस्करी बढेको भन्दै जनगुनासो आउन थालेपछि संयुक्त कारबाही गरिएको जानकारी दिए । सर्वसाधारणलाई समस्या नपुग्ने गरी चोरी तस्करीको नियन्त्रणको प्रयास हदसम्म सफल हुँदै आएपनि तस्करहरुको उक्साहटमा केही व्यक्तिहरुले सशस्त्र प्रहरीलाई बदनाम गर्न लागेको डीएसपी स्यागतानले भने । उनले सीमामा खटेका सुरक्षाकर्मी हरपल चोरी तस्करी नियन्त्रण गर्न कटिबद्ध रहेको बताए ।

# गृहमन्त्री लेखकको उपस्थितिमा विभिन्न कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादको मूल मन्त्र बोकेको नेपाली काँग्रेस पर्साले पूर्वमहामन्त्री तथा हालका केन्द्रीय सदस्य कृष्ण प्रसाद सिटौला र नेपाल सरकारका गृहमन्त्री समेत रहेका काँग्रेस केन्द्रीय सदस्य रमेश लेखकको उपस्थितिमा विभिन्न कार्यक्रम आयोजना गर्ने भएको छ ।
नेपाली काँग्रेस केन्द्रीय उपभोक्ता विभाग र जिल्ला पार्टी कार्यसमितिको सहकार्यमा आयोजना हुने 'दैनिक उपभोग्य वस्तुको सुनिश्चितता, उपभोक्ताको अधिकार हाम्रो चासो' विषयक अन्तरसंवाद कार्यक्रम आज वीरगंजमा हुनेछ । कार्यक्रमअन्तर्गत गृहमन्त्री लेखकले वीरगंजस्थित नारायणी अस्पताल निरीक्षण गर्ने, जिल्ला प्रशासन कार्यालय पर्सामा सुरक्षा सम्बन्धी छलफल गर्ने, साथै उद्योग वाणिज्य संघ र पत्रकारहरूसँग भेटघाट गर्ने तय भएको छ । यसअघि उनीहरू शनिबार वीरगंज आगमन गरी सह–महामन्त्री उमाकान्त चौधरीको निवासमा स्वागत तथा पार्टी नेतासँग भेटघाट गरेका छन् भने सोमबर पत्रकार भेटघाट वीरगंजको होटल दियालोमा तय गरिएको नेपाली काँग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण प्रसाद कुर्मीद्वारा जारी विज्ञप्तीमा जनाइएको छ ।

# वडा प्रहरी कार्यालय वितर्तामा विशेष निरीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीले सञ्चालन गर्दै आएको 'कार्यदक्षता मूल्यांकन २०८२' अन्तर्गत शनिबार वीरगंज महानगरपालिका–४ स्थित वडा प्रहरी कार्यालय वितर्तामा विशेष निरीक्षण कार्यक्रम सम्पन्न गरिएको छ । प्रहरी प्रधान कार्यालयबाट आएको निरीक्षण तथा अनुगमन टोलीले कार्यालयको कार्यदक्षता, संगठनात्मक संरचना, सेवाप्रवाह र जनसम्पर्क सम्बन्धी अवस्थाको प्रत्यक्ष मूल्यांकन गरेको हो । उक्त टोलीको नेतृत्व प्रहरी प्रधान कार्यालयका प्रमुख अतिरिक्त महानिरीक्षक मनोज केशरीले गरेका थिए । निरीक्षण क्रममा उनले कार्यालय परिसर र व्यवस्थापनको अवस्था अवलोकन गर्दै प्रहरी संगठनलाई अझ सक्षम, जनमुखी र अनुशासित बनाउन निरन्तर अभ्यास र तालिम अनिवार्य रहेकोमा जोड दिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रसहित विभिन्न प्रहरी अधिकृतहरूको उपस्थिति थियो । वडा प्रहरी कार्यालय वितर्ताका प्रमुख प्रहरी निरीक्षक निरोज चौलागाईंले कार्यालयमा भइरहेका गतिविधि, सेवाप्रवाह र त्यहाँका चुनौतीबारे टोलीलाई जानकारी गराए ।

# गम्हरियामा बृहत् वृक्षारोपण


**मधेशदृष्टि**
**वीरगंज ।**
गम्हरिया फाउन्डेसनको पहल र सहयोगमा शनिबार फेटा गाउँपालिका–७ गम्हरियामा विशेष वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा स्थानीय युवा, सामुदायिक अगुवा, किसान तथा फाउन्डेसनका सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
वृक्षारोपण कार्यक्रममार्फत हरित वातावरण निर्माण गर्ने उद्देश्यले विभिन्न प्रजातिका बिरुवा रोपिएको थियो । कार्यक्रममा सहभागी स्थानीय युवाले यस अभियानले गाउँलाई हरियाली र स्वच्छ बनाउने विश्वास व्यक्त गरेका छन् । सामुदायिक अगुवाहरूले वृक्षारोपणलाई निरन्तरता दिनुपर्ने र यसको संरक्षणमा सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिएका थिए । किसानहरूले पनि वातावरणीय सन्तुलन कायम गर्न र कृषिमा सकारात्मक प्रभाव पार्ने भएकाले यस अभियानलाई स्वागत गरेका छन् । गम्हरिया फाउन्डेसनका सदस्यहरूले आगामी दिनमा यस्ता कार्यक्रमलाई थप व्यापक बनाउन निरन्तर सहयोग र पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

# वडाध्यक्ष कुर्मीलाई गार्डेन चेयरहरू हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।**
'सबका साथ, सबका विकास' भन्ने मूल नारासहित शनिबार पोखरिया नगरपालिका–७ रानीगंज टोलमा विशेष कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा गार्डेन चेयरहरू वडाध्यक्ष परमानन्द प्रसाद कुर्मीलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको हो । गार्डेन चेयर हस्तान्तरण कार्यक्रममा बिनध्याचल ठाकुर, नन्दन लाल कुर्मी, जहिर मियाँ, राजनारायण कुर्मी, योगेन्द्र प्रसाद कुर्मी लगायत स्थानीय अगुवा तथा युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
यो अभियानले गाउँलाई हराभरा, सफा–सुग्घर र व्यवस्थित बनाउनका साथै सामुदायिक पार्क निर्माणमा सहयोग पुर्याउने आयोजकले बताएको छ । कार्यक्रममा बोल्ने वक्ताहरूले आगामी दिनमा पोखरिया नगरपालिकाका विभिन्न टोलटोलमा पनि यस्ता अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् ।

# वीरगंज–१६ फुलवारी टोलमा बृहत् वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिका–१६ फुलवारी टोलमा बृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । वीरगंज महानगरपालिका, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति र ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न प्रजातिका ५० वटा बिरुवा रोपिएको हो । कार्यक्रममासुरक्षा निकायका पदाधिकारी, नागरिक समाजका अगुवा, समाजसेवी, सञ्चारकर्मी तथा विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । करिब २५० जनाको सहभागिता रहेको यस वृक्षारोपणले वातावरण संरक्षण र हरियाली प्रवर्द्धनमा टेवा पु¥याउने आयोजकले बताएको छ । साथै, यस कार्यक्रमले समुदाय र प्रहरीबीचको सहकार्यलाई अझ सुदृढ बनाउन मद्दत पुग्ने उल्लेख गरिएको छ ।



## सम्पादकीय

# मधेशमा विद्या भण्डारीको सक्रियता

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी शनिबार मधेश आएकी छिन् । उनी आइतबार बाराको कलैयामा हुने कार्यक्रममा पनि सहभागी हुने तालिका छ । शनिबार वीरगंज उद्योग वाणिज्य संघले आयोजना गरेको अग्रज नारी सम्मान कार्यक्रममा भण्डारी प्रमुख अतिथि थिइन्।

एमालेजनले यस्तो कार्यक्रममा नजान उर्दी लगाए पनि एमालेका केन्द्रीय तहका नेताहरुदेखि स्थानीय तहका नेताहरु बाराको सिमरा विमानस्थल पुगे । त्यहाँ पार्टीको गौरव, राष्ट्रपति भएको व्यक्तित्व भन्दै स्वागत गरे । ५१ किलोको माला पनि लगाइदिए।

भण्डारीले वीरगंजमा भएको कार्यक्रममा राजनीतिक कुराकानी गरिनन् । मधेशका मुद्दा उठाइन् । महिलाका विषय उजागर गरिन् । मधेशका समस्याबारे भण्डारी जानकार रहेको देखिन्छ।

चुरे दोहन, पर्यटकीय सम्भावना, मिटरब्याजको समस्या, उखु किसानका मुद्दा एकसाथ भण्डारीले उठाइन् । जब कि यसरी सबै विषयबस्तु समेटेर मधेशकै नेताहरु पनि बोल्न छाडेका छन् । एउटा–एउटा विषय उठाएर स्टन्ट गरेपछि मधेशमा नेता भइन्छ भन्ने भ्रममा रहेका नेताहरुलाई पनि भण्डारीले सिंगो मधेशको सांगोपांगो विषय समेटेर सहानुभूति लिने प्रयास गरिन्।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै विचार गर्नु पर्ने अवस्थामा रहेको भनिएको मदन भण्डारी फाउन्डेसनले गर्ने कार्यक्रममा कलैयामा आइतबार भण्डारीले बोल्नेछिन् । शनिबार गैरराजनीतिक विषय भए पनि आइतबार पक्कै एमालेजनकै भिडभाड हुने कार्यक्रममा राजनीतिक कुरा पनि आउने सम्भावना छ।

राजनीतिमा सक्रिय भएँ भनेकी भण्डारीको प्रदेशस्तरका भेटघाट र छलफलले एमालेमा उनीबारे लागेको बन्देजविरुद्ध आवाज उठ्ने सम्भावना छ । किनभने यो काम भएन भने प्लान बी पनि तयार रहेको भनेर भण्डारीले भनिसकेकी छिन्। त्यो प्लान बी पनि एमालेजनको सहाराविना सम्भव छैन।

# साना हिमतालका ठूला त्रास जोखिम घटाउन लगानी अभाव

**प्रगति ढकाल**

असार २४ बिहान ३ः०० बजेतिर गोसाइँकुण्ड गाउँपालिका–२ का वडासदस्य सोनामछिरिङ घलेले एक्कासि जमिन कम्पन भएको महसुस गर्नुभयो । त्यो दिन विसं २०७२ वैशाख १२ गतेको भूकम्प बिर्साउने गरी त्यस क्षेत्रको जमिनमा कम्पन पैदा भएको थियो ।

घले भूकम्प गयो कि क्या हो भनेर सोच्दै हुनुहुन्थ्यो । यी कुरा मनमा खेलाउन नपाउँदै खोला गडगडाएको सुनियो । 'बेस्सरी जमिन हल्लाइरहेको थियो, मैले त भुइँचालो गयो कि भन्ठाने । एक छिनपछि त खोला गडगडाएको सुनियो,' उहाँले त्यस दिनको अवस्था सुनाउँदै भन्नुभयो, 'पानी परेको छैन, कसरी बाढी आयो होला, माथि तिब्बततिर पानी परेछ कि क्या हो भनेर अनुमान लगाए । मानिसहरू भागदौड गर्न थाले, म पनि घरबाट निस्किएँ ।' त्यसको भोलिपल्ट उहाँलाई थाहा भयो, नेपाल–चीन सीमामा रहेको ल्हेन्दे खोलामा अचानक बाढी गएको रहेछ भनेर । बाढीले बाटो भत्काएछ । मितेरी पुल नै बगाएछ ।

बाढीका कारण चीन–नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भएको खबर सार्वजनिक भएको छ । रसुवागढी जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेछ । एक सयभन्दा बढी इलेक्ट्रिक सवारीसाधन बढीसँगै बगेको छ । चीनसँगको व्यापारिक नाका अझै अवरूद्ध छ । वडासदस्य घलेका अनुसार विसं २०१८ मा पनि यस्तै भीषण बाढी आएको थियो । तर त्यो बेला अहिलेजस्तो टिमुरेमा बस्ती बसेको थिएन । खोलाको माथिमाथि घर तथा बस्ती भएकाले क्षति पनि भएन । त्यो बाढीको असर खासै देख्न पाइएन ।

पछिल्लो पटक गत असार २४ र त्यसको १० दिनपछि पनि गएको भेलबाढीले टुटाएको केरूङसँगको सडक पहुँच अझ जोडिन सकेको छैन । भेलबाढीपछि सीमावर्ती बजार ठप्प छ । जनजीवन उस्तै त्रस्त छ । 'ठूलो बाढी आउने त्रासमा स्थानीय बसेका छन् । कति त विस्थापित पनि भएसकेका छन्,' घलेले भन्नुभयो । गत वर्षको साउन ३२ गते दिउँसो १ः३० बजे सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा पनि अचानक ठूलो भेलबाढी आयो । त्यहाँका स्थानीयहरूले यसरी एक्कासि भेलबाढी आउला र गाउँ नै एकै झट्कामा सखाप पार्ला भनेर चिताएकै थिएनन् । त्यहाँका स्थानीयका अनुसार त्यस दिन थामे क्षेत्रमा ठूलो पानी परेको थिएन । उत्तरतिर आकाश भने मडारिएको थियो । अनिष्टको कुनै सङ्केत थिएन । यद्यपि गाउँको शिर क्षेत्रबाट मडारिँदै आएको भेलबाढीले गाउँ नै बगरमा परिणत गराइदियो । त्यो अप्रिय एवं अकल्पनीय घटनाले जो कोहीको मन भक्कानिन्छ ।

त्यो घटना सम्झँदा खुम्बु पासाङल्हामु गाउँपालिकी उपाध्यक्ष टासी ल्हामु शेर्पालाई सपनाजस्तै लाग्छ । 'हामी जलवायुजन्य जोखिमको चपेटामा छौँ,' उहाँ भन्नुहुन्छ, 'कुन दिन हिमपहिरोकै शिकार बन्नुपर्ने हो भन्ने चिन्तामा छन्, यहाँका बासिन्दा । हामीलाई पनि यस्तै लागिरहन्छ ।' त्यस्तै खुम्बु पासाङल्हामु गाउँपालिका थामेकी बासिन्दा याङ्गी डोल्मा शेर्पा भन्नुहुन्छ, 'हेर्दाहेर्दै क्षणभरको बाढीले बगरमा परिणत भएको गाउँको दृश्यले अझै तर्साइरहेको छ । नसोचेको घटना भयो त्यस दिन । दिउँसो भएकाले धन्न भागेर ज्यान जोगाइयो । त्यस घटनाले कतिले त गाउँ छाडेर पनि हिँड्नुभयो ।'

पर्यटन व्यवसायीसमेत रहनुभएका आङछरिङ शेर्पा उमेरले ७० वर्ष कटिसक्नुभयो । सोलुखुम्बुमा जन्मिनुभएका शेर्पा हिमाली क्षेत्रमा पर्न सक्ने जलवायु परिवर्तनजन्य असरका कारण उत्तिकै चिन्तामा देखिनुहुन्छ । उहाँको अनुहारमै झल्किएको छ, 'सम्भावित विपद्को त्रास ।'

विगत र वर्तमानको घटनामा देखिएको अन्तर भएको आङछरिङ बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'भन्दा मान्छेले नपत्याउलान्, त्यो इम्जा छो हिमताल थिएन । सानो हिमनदी थियो । हामी केटाकेटी हुँदा चिप्लेटी खेल्न जान्थ्यौँ । सन् १९६२ तिर सानो कुवाजस्तो बन्यो । अहिले त त्यति ठूलो ताल बनिसक्यो, हिमालको हिउँ सर्लक्कै पग्लिएको छ ।' पछिल्ला दुई वर्षमा लगातारजस्तो हिमताल विस्फोटका घटना भएका छन् । गत वर्ष सोलुखुम्बुको थामेमा हिमताल विस्फोटको घटना भयो । लगत्तै दोलखाको रोल्वालिङ क्षेत्रमा पनि भीषण भेलबाढी आएर एक जना होटल व्यवसायी महिला बेपत्ता हुनुभयो । त्यसपछि गोरखाको मनास्लु क्षेत्रमा पनि हिमताल विस्फोट भयो ।

पछिल्लो समय रसुवामा निम्तिएको विध्वंश र मुस्ताङमा पटकपटक गइरहेको भेलबाढीले स–साना हिमतालहरू पनि जोखिमपूर्ण बन्दै गएको अनुसन्धानकर्ताले निष्कर्ष निकालेका छन् ।

रसुवा भेलबाढीको स्रोत नै ल्हेन्दे खोलाको जलाधार क्षेत्रमा रहेको सुप्राग्लेसियल लेक (हिमनदीको माथिल्लो सतहको बरफ पग्लिएर बन्ने ससाना पोखरीहरू) विस्फोट हुँदा बाढी आएको बताउनुहुन्छ जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका प्रमुख विनोद पराजुली ।

यद्यपि विभागले यसबारे विस्तृत अध्ययन गरेको छैन । मुस्ताङमा पनि कालो लेदोसहितको बाढी आएको छ । भेलबाढीले स्थानीय बाटाघाटाको काठेपुल बगाएको छ । त्यहाँ पनि बाढीको कारणबारे कुनै अध्ययन, अन्वेषण हुन सकेको छैन । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का वैज्ञानिहरूले पनि चीन–नेपाल सीमाको ल्हेन्दे खोलामा बनेको 'सुप्राग्लेसियल ताल' फुटेर रसुवाको भोटेकोसीमा बाढी आएको पुष्टि गरेका छन् । हालैका यी घटनाहरू (रसुवाको बाढी र सगरमाथाको थामे क्षेत्रको विस्फोट) नयाँ बनेका साना, सुप्राग्लेसियर तालहरू बाट भएको इसिमोडले पुष्टि गरिसकेको छ । इसिमोडले १९८५ देखि हिमनदी, हिमताल र त्यसमाथिको विपद् अनुगमन गर्दै आएको छ । त्यसबेला सोलुखुम्बुस्थित खुम्बुमा डिज–छो ताल फुट्दा जलविद्युत् आयोजना बगाएर झन्डै ३० लाख अमेरिकी डलर बराबरको आर्थिक क्षति पु¥याएको थियो । त्यसपछि इसिमोडले उक्त घटनाको मूल्याङ्कन गर्नुका साथै सिन्धुपाल्चोकको मेलम्ची नदीको जलाधार क्षेत्र भ्रेमाथाङबाट उत्तपत्ति भएको भेलबाढी, उत्तरी गोरखाको वीरेन्द्र ताल, हुम्ला र भारतको सिक्किमस्थित चामोली, दक्षिण लोनाकमा आएका विपद्को समेत अध्ययन गरेको थियो ।

### तापमान वृद्धिको जोखिम

तापमान वृद्धिका कारण हिमनदीजन्य घटनामा वृद्धि भएको बताउनुहुन्छ हिमतालविज्ञ शरदप्रसाद जोशी । 'साना, छोटो समय टिक्ने तालहरूमा पनि अनुसन्धान गर्न आवश्यक छ,' उहाँले भन्नुभयो, 'छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध (मोरेन) भत्कने, पर्माफ्रोस्ट (हिमोढ) भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टानहरूरू खस्ने, जमिन भासिने घटना निम्त्याउँछ ।'

इसिमोडका अनुसार हालका घटनाहरूमा बाढीले गिट्टी, बालुवा, माटो र ठूला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पु¥याउँछ । हिमाली क्षेत्रमा हिउँको सट्टा वर्षा बढी हुँदा यस्ता घटनाहरू बढ्ने इसिमोडको निष्कर्ष रहेको छ ।

विश्वव्यापी तापक्रम निरन्तर बढ्दै जाँदा हिमतालमा सञ्चित हिउँ क्रमशः पग्लने र हिमपात कम हुने तथा हिमताल विष्फोटजस्ता विपद्का सम्भावना बढ्दै गएको जलवायुविद् मञ्जित ढकालले बताउनुभयो । उहाँका अनुसार तापक्रम वृद्धिले हिमालको स्थायित्वमा गम्भीर चुनौती खडा गरेको छ । 'तापक्रम बढ्दा हिमालको हिउँ पग्लने खतरा उच्च हुन्छ, हिमताल विष्फोट भएर धनजनको क्षति गर्ने खतरा बढाउछ,' ढकालले भन्नुभयो, 'त्यसैले अन्तरराष्ट्रिय मञ्चहरूमा पर्वत संरक्षणलाई केन्द्रविन्दु बनाएर हिमालसम्बन्धी मुद्दा निरन्तर उठाउन जरुरी छ । यसबारे बहस, विमर्श र पैरवी अत्यावश्यक बन्दै गएको छ ।'

विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ)द्वारा प्रकाशित २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य सङ्कटलाई उजागर गराएको छ । सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएको समेत अध्यायनले देखाएको छ । इसिमोडको अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । इसिमोडका अनुसार उक्त क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ । नेपालका दुई छिमेकी मुलुक भारत र चीनमा पर्ने हिमताल विष्फोट हुँदा पनि नेपाललाई समेत असर पर्ने विज्ञहरूको भनाइ छ । सन् २०२१ को फेब्रुअरीमा भारतको उत्तराखण्डमा पनि हिमताल विस्फोटको घटना भएको थियो । उत्तराखण्डको चमोली जिल्लास्थित नन्दादेवी हिमनदी क्षेत्रमा भएको हिमताल विस्फोटले धौलीगङ्गा नदीमा ठूलो भेलबाढी निम्त्यायो । यस भेलबाढीमा करिब २०० मानिस बेपत्ता भए, जसमध्ये २६ जनाको मृत्यु भएको अभिलेख भेटिन्छ । उक्त विपद्ले ऋषिगङ्गा र धौलीगङ्गा जलविद्युत् आयोजना दुवैमा ठूलो क्षति पुऱ्याएको थियो । तर, यसबारे विस्तृत अध्ययन भने अझै भएको छैन ।

यसअघि सन् २०१३ को जुन महिनामा उत्तराखण्डको केदारनाथ क्षेत्रमा आएको भेलबाढी पनि हिमताल विस्फोटसँग जोडेर व्याख्या गरिन्छ । गान्धी सरोवर (हिमताल) मा अत्यधिक वर्षा र हिमनदी पग्लनु उक्त विपद्को कारण भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका थिए ।

यस्तै, सन् २०२३ को अक्टोबरमा सिक्किमको साउथ ल्होन्जक हिमताल फुट्दा टिस्टा नदीमा ठूलो बाढी आएको थियो । यस घटनाले टिस्टा नदी किनारका बस्ती, सडक र जलविद्युत् आयोजना सबैमा ठूलो क्षति पु¥यायो । यो हिमताल विस्फोट जलवायु परिवर्तन र तापक्रम वृद्धिका कारण हिमनदी पग्लने प्रक्रियासँग प्रत्यक्ष रूपमा जोडिएको मानिन्छ ।

### जोखिम बढ्न सक्ने

गत असारमा मात्रै नेपालमा मात्र दुईवटा बाढीः रसुवा र माथिल्लो मुस्ताङमा देखा परेका थिए । अध्ययनले २१ औँ शताब्दीको अन्त्यसम्ममा हिमनदी विस्फोटको जोखिम तीन गुणा बढ्ने अनुमान गरेको छ । इसिमोडका विपद् जोखिम न्यूनीकरण प्रमुख शाश्वत सन्याल हिमनदीजन्य विपद्को आवृत्ति देखेर चकित बनाएको बताउनुहुन्छ । 'सन् २००० को दशकमा यस्ता घटनाहरू हिन्दूकुश–हिमालय क्षेत्रमा ५ देखि १० वर्षमा एकपटक हुने अपेक्षा गरिए पनि पछिल्लो समय बढ्दै गएको छ । सन् २०२५ को मे र जुन दुई महिना मात्रै हिमनदीजन्य बाढी तीनवटा देशमा (नेपालको हुम्लास्थित लिमि, अफगानिस्तानको एन्डोराब उपत्यका, पाकिस्तानको चित्राल'हुनजा) आएको छ,' उहाँले भन्नुभयो ।

### पूर्वसूचना प्रणालीको अभाव

जल तथा मौसम विज्ञान विभागका अनुसार हालसम्म इम्जा र छो–रोल्पाबाहेक अरू साना तालमा पूर्वसूचना प्रणाली विकास गरिएकै छैन । राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी प्रमुख अनिल पोखरेलले चीनतर्फबाट सूचना पाउनै मुस्किल रहेको बताउनुहुन्छ । उहाँले सीमापार हुने विपद्का घटनाको जोखिम न्यूनीकरण गर्न सूचना आदान–प्रदानलाई व्यवस्थित बनाउनुपर्ने खाँचो केरूङको विध्वंशले पनि देखाएको बताउनुभयो । त्यहाँ पूर्वसूचना प्रणाली विकास गर्न सकेको भए मितेरी पुल जोगाउन नसके पनि मानवीय क्षति रोक्न सकिने उहाँको भनाइ छ ।

### जोखिमपूर्ण हिमताल

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा रहेका ४७ वटा हिमताल फुट्न सक्ने जोखिम रहेको देखाएको छ ।

युएनडिपी र इसिमोडले संयुक्त रूपमा गरको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ । यी हिमतालहरू जति बेलामा पनि फुट्न सक्ने र नेपालले ठूलो धनजनको क्षति बेहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त अध्ययन अनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ ।

### जोखिम घटाउन लगानीको अभाव

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराज जोशीले ४७ वटा ठूला हिमताल जोखिमको रहेको र यी हिमतालहरू फुटेमा मुलुकले खर्बौं आर्थिक नोक्सानीका साथै मानवीय क्षति बेहोर्नुपर्ने बताउनुभएको छ । 'जोखिममा रहेका हिमतालमध्ये २५ चीनमा छन् । २१ वटा नेपालभित्रै छन्भने एक ओटा भारतमा छ,' उहाँले भन्नुभयो, 'यी हिमतालको जोखिम न्यूनीकरणका लगानीको अभाव छ ।'

हरित जलवायु कोष (जिसएफ)बाट नेपालले जोखिममा रहेका चार वटा हिमतालको सतह घटाउनका लागि करिब पाँच अर्ब रुपैयाँको अनुदान पाउने निश्चित भएको छ । नेपालबाट पेस भएको 'हिमाली जलाधारमा हुने जलवायुजन्य पहिरो र हिमताल विष्फोटको जोखिमबाट धनजनको रक्षा' शीर्षकको परियोजना स्वीकृत भएसँगै अव जोखिममा रहेका चार हिमतालका जोखिम न्यूनीकरण गर्न लागत व्यवस्थापन भएको हो ।

यस परियोजनमा नेपाल सरकार, युएनडिपी, स्वतन्त्र ऊर्जा उत्पादक सङ्घले एक करोड ३८ लाख अमेरिकी डलरअर्थात् करिब दुई अर्ब रुपैयाँ सहलगानी गर्ने प्रतिबद्धता जनाएका छन् । नेपालले यसअघि सोलुखुम्बुको इम्जा तालमा ३.४ मिटर पानीको सतह घटाएर जोखिम न्यूनीकरण गरेको थियो । रासस

# शान्तिप्रतिको चीनको उत्कट अभिलाषाको अभिव्यक्ति



**छन सङ**

चिनियाँ राष्ट्रपति सी चिनफिङले भन्नुभएको छ, "इतिहास भनेको एउटा ऐना हो , जसले वर्तमान र भविष्यलाई उजागर गर्दछ । त्यसकारण हामीले इतिहासको अध्ययन गर्नु विगतमा भएका घटनाको कारण र परिणाम पत्ता लगाई पहिले गरेका गल्तीहरुलाई पुनः नदोहोर्याउनका निम्ति हो ।"

सन् १८४० पछि साम्राज्यवादी शक्तिहरुको आक्रमण र तत्कालीन चीनको भ्रष्ट छीङ राजवंशको शासनका कारण चिनियाँ जनताले ठूलो सङ्कटको सामना गर्नु परेको थियो । त्यसैबेलादेखि चिनियाँ इतिहासको सबैभन्दा अन्धकारमय अध्याय सुरु भएको थियो । त्यो अन्धकारमय इतिहासको पनि सबैभन्दा नृशंस पृष्ठ भनेको जापानी सेनाले चीनमा गरेको आक्रमण थियो । सन् १८९४ मा जापानी प्रतिगामीहरुले आक्रमण गरी चीनको थाइवान र फङह द्वीपसमूह माथि कब्जा जमायो । सन् १९०० मा अरु विदेशी आक्रमणकारीसँगै पेइचिङमा आक्रमण भयो ।

सन् १९०४ मा जापान–रुस युद्ध प्रारम्भ गरी चीनको उत्तरपूर्वी भागमा अतिक्रमण भयो । सन् १९१४ मा छीङ ताओ सहरमा आक्रमण गरी कब्जा जमायो । सन् १९१५ मा चीनको अधिकार हनन हुने ़ एक्काइस दाबी प्रस्तुत गर्यो । सन् १९३१ को सेप्टेम्बर १८ मा चिनियाँ सेना र जापानी सेनाबिच द्वन्द्वको घटना भयो । यो दिन चीनको सम्पूर्ण उत्तरपूर्वी क्षेत्रमा जापाले आक्रमण गरी कब्जा जमायो । सन् १९३५ मा मध्य उत्तर चीन घटना र सन् १९३७ जुलाई ७ मा युयान्फीङ् काउन्टी सदरमुकाममा विस्फोटन र मार्कोपोलो पुलमा आक्रमण गरी चीनमा व्यापक आक्रामक युद्ध प्रारम्भ गर्यो । त्यसवेला उनीहरुले पुरै चीनलाई उपनिवेश बनाएर त्यसपछि सम्पूर्ण एसियालाई नियन्त्रणमा लिई विश्व शक्ति बन्ने सपना देखेका थिए । यी शृङ्खलाबद्ध कार्यले चिनियाँ जनता माथि अभूतपुर्व सङ्कट आइलाग्यो र त्यसले चिनियाँ जनतामा प्रतिरोधको अदम्य साहस पनि जगायो ।

देश र देशवासी जीवन मरणको दोसाँधमा पुगेका बेला चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो असाधारण नेतृत्व र सही रणनीति एवं रणकौशलद्वारा जापानी आक्रमणविरुद्ध एकीकृत संयुक्त मोर्चा गठन गरी चिनियाँ प्रतिरोधलाई दिशा निर्देश गर्यो । विभाजन र युद्धत्यागको सर्वथा विरोध गरी सम्पूर्ण जातिको प्रतिरोध युद्ध , एकता र प्रगतिलाई निरन्तरता दिँदै चिनियाँ कम्युनिस्ट पार्टी चिनियाँ जनताको आशा र प्रतिरोध युद्धको आधार स्तम्भ बन्यो ।

त्यसबेला सोभियत सङ्घ , अमेरिका , कोरिया , भियतनाम , क्यानडा , भारत , न्युजिल्याण्ड , पोल्याण्ड , डेनमार्क , अष्ट्रिया , रोमानिया , बुल्गेरिया फासिस्ट विरोधी योद्धाहरुले पनि चीनको जापानी आक्रमण विरुद्धको युद्धमा प्रत्यक्ष रुपमा सम्मिलित भएर चीनलाई सहयोग गरेका थिए । त्यसबखत नेपाली वीरहरु पनि युरोप , उत्तर अफ्रिका र दक्षिणपूर्वी एसियाका युद्धस्थलमा सहयोगी सेनासँग मिलेर फासिस्ट शक्तिको आक्रमणको प्रतिरोध गरिरहेका थिए । केही दिन अघि मात्र मैले काठमाडौँस्थित बेलायती राजदूतावासले जापानी सेनाले सहयोगी सेनासमक्ष आत्मसमर्पण गरेपछि विजय प्राप्त गरेको दिनको सम्झनामा आयोजना गरेको कार्यक्रममा सहभागी हुने सौभाग्य पाएको थिएँ । त्यस अवसरमा पोखरास्थित ब्रिटिश गोर्खा सेनाले परेड पनि गरेको थियो । दोस्रो विश्व युद्धमा ब्रिटिश सेनामा नेपालीको गोर्खा सैन्यले बर्मा युद्धस्थलमा चिनियाँ सेनासँग मिलेर जापानी सेनालाई पराजित गर्न महत्त्वपूर्ण योगदान पुर्याएको सुनेर म प्रशन्न भएको छु । विश्वशान्तिका निम्ति नेपालले पुर्याएको यो अद्वितीय योगदान हो , साथै चिनियाँ र नेपाली जनताले आलो रगतका माध्यमबाट गाँसेको अनमोल मैत्री पनि हो ।

धेरै वर्षको रक्तपातपूर्ण युद्धपछि आजभन्दा ८० वर्ष पहिले विश्वका जनतासँगै चिनियाँ जनताले फासिष्टरुलाई पूर्ण रूपले परास्त गरेभने जापानी सैन्यवादी आक्रमणकारीलाई पनि हराए । चिनियाँ जनताको जापानी आक्रमणविरुद्धको युद्ध र विश्वका जनताको फासिष्टहरुविरुद्धको युद्धमा विजय प्राप्त भयो । अन्ततः अन्धकारमाथि उज्यालोको , प्रतिगमनमाथि प्रगतिको विजय भयो । आफ्नो शवबाट 'ग्रेटवाल' निर्माण गर्न पनि पछि नपरेका वीरहरुको आत्मालाई शान्ति मिल्यो ।

यो कहालीलाग्दो सङ्कट र वीरतापूर्ण प्रतिरोधको इतिहासले हामीलाई के सन्देश दिएको छ ?

कुनै जातिको अस्तित्व र उन्नतिको मानसिक आधार भनेको सङ्घर्षको भावना हो । जापानी आक्रमणविरुद्धको युद्धमा चिनियाँ जनतामा प्रतिरोधको भावनाको विकास भयो । चिनियाँ जनताले विश्वसमक्ष देशको उन्नति वा पतनमा सर्वसाधारण जनताको पनि जिम्मेवारी हुन्छ भन्ने राष्ट्रवादलाई आफ्नो अन्तिम गन्तब्य सम्झेर प्राणको आहुति दिनुपरे पनि आत्मसमर्पण नगर्ने स्वाभिमान , अत्याचारसँग नडराई अन्तिम घडीसम्म युद्ध गर्ने र जति समस्या परे पनि नहट्ने जति दुःख सहनु परे पनि नछोड्ने विजयप्रतिको आत्मविश्वास प्रस्तुत गरे । फासिष्टहरूको शक्तिशाली हतियारको अगाडि चिनियाँ जनताले सबै जुक्ति सोचे तर कहिले पनि आत्मसमर्पण सोचेनन् ।

दुई विश्वयुद्धको इतिहासले प्रमाणित गर्दछ (आक्रमणमा परेकाहरुले आत्मसमर्पण गरेपनि आक्रमणकरीहरुले नरसंहार गर्न सक्दैनन् । युद्धका निम्ति साहस गर्नु , युद्धकौशलमा निपुण हुनु नै कुनै जाति स्वतन्त्र एवं शक्तिशाली बनेर चमत्कारिक रूपमा सफल हुनुको एकमात्र उपाय हो । देश समृद्ध, जनता सबल हुनु नै देशको सुरक्षको भौतिक आधार हो ।

राष्ट्रपति सीले भन्नु भएको छ , "पछाडि पर्नेहरुले पिटाइ खान्छन्, विकास गरेर मात्र बलियो हुन सकिन्छ । फासिष्ट युद्धवादले बिना हिच्किचाहट छिमेकी देशहरुमा आक्रमण गर्ने साहस गर्नु तिनीहरुको आर्थिक अवस्था र सैन्यबल अरुकोभन्दा सुदृढ भएर नै हो । आजसम्म पनि प्रभुत्ववाद र शक्ति राजनीतिले अन्तरराष्ट्रिय राजनीतिमा स्थान र शक्तिको आधारमा अरु देशहरुसँग व्यापार गर्नु पर्ने कुराको प्रचार गरेको पाइन्छ । यसबाट युद्धको भूत अझै पनि विश्ववाट हराइ नसकेको प्रमाणित हुन्छ । चिनियाँ जनताले इतिहासको यस अन्धकार पृष्ठबाट राष्ट्रिय शक्तिको विकासको महत्त्व गहन रूपमा बुझेको छ । आज चीन कुनै पनि प्रकारको बाह्य दबाबको प्रतिकार गर्ने सामथ्र्यमा छ । चीनका हरेक पुस्ताले मेहनत गरी अनुपम उपलब्धि हासिल गरी आफ्नो आत्मविश्वास प्रकट गरेका छन्न् । मैले बारम्बार भन्ने गरेको छु , नेपालले अहिले सामना गरिरहेका विकाससम्बन्धी हरेक समस्याको चिनियाँ शैलीको समाधान छ , चीन र नेपालको विकास एकबद्ध भएमा नेपाल कुनै पनि समय र अवसरमा आत्मविश्वास युक्त हुनसक्नेछ ।

साझा भाग्य र भविष्य नै शक्ति कायम गर्ने आधारभूत मार्ग हो । सन् १९३७ डिसेम्बर १३ मा जापानी आक्रमणकारीले चीनको नानचिङमा आक्रमण गरी छ साताभन्दा लामो अवधिसम्म आगजनी , बलात्कार , लुटपाट नरसंहार गरे । त्यसमा परेर कम्तीमा तीन लाख जनाको ज्यान गयो । हालै चीनमा नानचिङ नरसंहारको दुखद् इतिहासलाई पृष्ठभूमि बनाएर निर्माण गरिएको ऐतिहासिक चलचित्र हेरिसकेपछि दुःख र रिसले धेरै दर्शकहरुले आँसु बगाए। । यस प्रकारको पीडाले मानिसहरुलाई सास फेर्नसमेत गाह्रो भएको अनुभव गराउँछ । चिनियाँ जनताले जापानी आक्रमणको दुःख सङ्कट झेलिसकेको हुँदा शान्ति कत्तिको महत्त्वपूर्ण छ , समानताको आधारमा अरुको सम्मान गर्नु कत्तिको महत्त्वपूर्ण छ भन्ने राम्ररी बुझेको छ ।

चीनले आफूले भोगिसकेको युद्धको आघात कदापि अरु कुनै देशमाथि लाद्ने छैन । कहिले पनि आफ्नो वर्चस्व स्थापना गर्ने छैन । विस्तारवादी नीति अपनाउने छैन । प्रभावक्षेत्र बनाउन खोज्ने छैन । चिनियाँ शैलीको आधुनिकीरण भनेको शान्तिपूर्ण विकासको सत्यवादी पथ हो । उपनिवेश बनाएर लुट्ने पुरानो तरिका र देश शक्तिशाली बनेपछि प्रभुत्ववादी अवश्य बन्ने छ भन्ने गलत सोचाइवाट यो पूर्णरुपले मुक्त छ । यो हामीले विश्वसमक्ष गरेको गम्भीर प्रण हो । हामी नेपाललगायत विश्वका सम्पूर्ण देशहरुसँग संयुक्त रुपमा मानवजातिको साझा भविष्य निर्माण गर्न चाहन्छौँ, विश्वमा शान्ति, विकास र उन्नतिका निम्ति सघाउन चाहन्छौँ ।

फ्रान्सेली इतिहासकार अन्इटोन प्रोस्टले आफ्नो पुस्तक 'इतिहासका बाह्र पाठ' मा एक विचारणीय कुरा लेखेका छन्ः इतिहासको अध्ययन विगतमा भएका आपसी विद्वेषयुक्त रोषको स्मृतिलाई बढाउनका निम्ति होइन , त्यो त विगतमा के घटना भए र के कारणले घटे , त्यसवारे बुझ्नका निम्ति हो । इतिहासलाई बिर्सनेले अवश्य पनि पहिले कै गल्ती दोहोर्याउने छ । इतिहासलाई वास्ता नगर्ने पुस्ताको विगत पनि हुने छैन । र, भविष्य पनि ।

यस वर्ष हामीले चिनियाँ जनताको जापानी आक्रमणविरुद्धको युद्ध विजय र विश्व फासिष्टविरुद्ध युद्ध विजयको ८० औँ वार्षिकोत्सव धुमधामका साथ मनाउदै छौँ। यसबाट हाम्रो शान्तिप्रतिको उत्कट अभिलाषा प्रकट भएको छ । हामी विश्वभरका युवा पुस्तामा शान्तिपूर्ण मूल्य मान्यताको निर्माणका निम्ति सहयोग गर्ने छौँ । यो अवश्य पनि एक पवित्र एवं महान् कार्य हो ।

हामीलाई विश्वास छ, हाम्रा युवा प्रतिभाले अवश्य पनि शान्ति एवं मैत्रीपूर्ण वातावरणमा संयुक्त रूपमा मानवजातिको साझा भविष्यको समष्टि निर्माणको यात्रामा अगाडि बढी युगले दिएको जिम्मेवारी पूरा गर्ने छन् । (नेपालका लागि चीनका राजदूत) रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# प्रेस स्वतन्त्रताको रक्षा हुनुपर्नेमा अध्यक्ष नेपालको जोड

**काठमाडौं ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रेस स्वतन्त्रताको रक्षा हुनुपर्नेमा जोड दिएका छन ।

समाजवादी प्रेस सङ्गठन केन्द्रीय कमिटीको तेस्रो बैठकको शनिवार शुभारम्भ गर्दै उनले सङ्घीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई बलियो बनाउन पूर्ण प्रेस स्वतन्त्रता आवश्यक छ भने ।

निरङ्कुशताविरुद्धका सबै आन्दोलनमा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले स्मरण गर्दै नेता नेपालले देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि सञ्चार जगत्ले काम गर्नुपर्ने बताए ।

सङ्गठन प्रमुख प्रकाश ज्वालाले राज्यको मूलप्रवाहमा समाहित नभएका अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग र समुदायका पक्षमा पनि पत्रकारले कलम चलाउनुपर्ने विचार व्यक्त गरे ।

त्यस अवसरमा विश्व प्रेस काउन्सिलका नवनिर्वाचित उपाध्यक्ष किशोर श्रेष्ठलाई सम्मान पनि गरिएको थियो । रासस

# बोली–व्यवहार नरम बनाउनुस्ः महानगर प्रमुख साह

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका प्रमुख बालेन्द्र साहले राज्यका सुरक्षा सङ्गठनबीच सहकार्य एवं समन्वय गर्दै महानगरप्रहरीले काम गर्नुपर्नेमा जोड दिएका छन ।

तेत्तीसौँ महानगर प्रहरी दिवसका अवसरमा शनिवार आयोजित कार्यक्रममा उनले कानुन, नीतिनियम पालना तथा कार्यान्वयन गराउन सक्रिय भएर लाग्न नगरप्रहरीलाई अनुरोध गरे । प्रमुख शाहले भने, ‘महानगरमा अतिक्रमण हटाउने, सार्वजनिक सम्पत्ति संरक्षण गर्ने तथा सुशासन एवं सुव्यवस्था कायम गर्न महानगर प्रहरीले निर्वाह गरेको भूमिकाको म सराहना गर्दछु ।’




उपप्रमुख सुनिता डङ्गोलले व्यक्ति विशेष नभई जनता र संस्थाको हितमा काम गर्न महानगर प्रहरी बललाई निर्देशन दिए । उनले भने, ‘नागरिकको सुखदुःख, जात्रा, पर्वमा सधैँ जनतासँगै हुने महानगर प्रहरीले संस्थाको असल प्रतिनिधिका रुपमा काम गर्नुपर्छ ।’

नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले नेपाल प्रहरी र महानगर प्रहरी बलको सहकार्यमा अनधिकृत संरचना, अवरोध र सडकपेटीको अतिक्रमण हटाउने काम नतिजामुखी ढङ्गबाट भइरहेको बताए ।

काठमाडौँ महानगर प्रहरी बलका प्रमुख राजु पाण्डेले महानगरपालिकाभित्रका अनधिकृत संरचना हटाउने, विपद् र सवारी व्यवस्थापन गर्दै आएको बताए ।

महानगर प्रहरी बलले सार्वजनिक स्थलमा धूमपान नियन्त्रण, सडकमा छाडिएका चौपाया, अव्यवस्थित घरटहरा हटाउने तथा विपद् र ढलनिकास व्यवस्थापन, बजार अनुगमन गर्दै आएको छ । महानगर प्रहरीले स्थापना दिवसका अवसरमा स्वयम्भूनाथ र वसन्तपुर दरबार क्षेत्रको सरसफाइका साथै महानगरपालिकाभित्रका विभिन्न स्थानमा वृक्षरोपणसमेत गरेको थियो ।

विसं २०५० भदौ १४ गते स्थापना भएको महानगर प्रहरी बलान हाल ३६२ जना कार्यरत छन् ।

प्रहरी बलले गत वर्ष नियम उल्लङ्घन गरेका २० हजार ७३४ सवारीसाधन धनी र तोकिएका स्थानबाहेक अन्यत्र फोहर फाल्ने ३९७ जनालाई कारबाही गरेको जनाएको छ । उक्त कारबाहीबाट महानगरलाई तीन करोड ५६ लाख रुपैयाँ प्राप्त भएको छ ।

त्यसअवसरमा यस वर्षको ‘महानगर प्रहरी गौरव’ पुरस्कार नगरप्रहरी वरिष्ठ निरीक्षक लक्ष्मी महर्जनलाई प्रदान गरिएको थियो भने ‘उत्कृष्ट महानगर प्रहरी पुरस्कार’ हवल्दार बालकृष्ण कार्कीलाई र ‘महानगर प्रहरी पुरस्कार’ हवल्दारद्वय विजय तामाङ र मणिराम खनाल हवल्दार तथा प्रहरी जवान फिलिपी सारु मगरलाई प्रदान गरिएको थियो ।रासस

# व्यवसायिक पत्रकारिता गर्नुपर्नेमा नेता राणाको जोड



**ललितपुर ।**
नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वअर्थराज्यमन्त्री उदयशम्शेर राणाले सूचना प्रविधिको वर्तमान युगमा गलत सूचना प्रवाहलाई नियन्त्रण चुनौतीपूर्ण बनेको बताएका छन । साथै उनले व्यावसायिक पत्रकारिता गर्नुपर्नेमा जोड दिएका छन ।

नेपाल पत्रकार महासङ्घ ललितपुरले शनिवार आयोजना गरेको कार्यक्रममा उनले ‘डिजिटल मिडिया’मार्फत समाचार सम्प्रेषण गर्ने अवसरसँगै चुनौती पनि थपिएकाले सत्यतथ्यमा आधारित समाचार सम्प्रेषणमा जोड दिए ।

‘पत्रकारितामा धेरै सम्भावना र चुनौती छन् । मूलधारका मिडिया पक्षपाती भइरहेका अवस्थामा स्वरोजगारमूलक मिडियाले परिपूरण गर्नुपर्ने अवस्था छ’, उनले भने ।

त्यसअवसरमा वाग्मती प्रदेशसभा सदस्य उर्मिला लामा ,न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा र गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले व्यावसायिक पत्रकारितामा जोड दिएका थिए ।रासस

# संघसंस्थासम्बन्धी विधेयकको मस्यौदा सच्याउन माग

**काठमाडौँ ।**
नेपाल बार एसोसिएसन र गैरसरकारी संस्था (गैसस) महासङ्घका साथै नागरिक समाजका प्रतिनिधिहरुले सरकारले तयार गरेको सङ्घ संस्थासम्बन्धी विधेयक, २०८२ को मस्यौदा सच्याउन माग गरेका छन् ।

नेपाल बार र गैसस महासङ्घले संयुक्त रूपमा शुक्रबार राजधानीमा आयोजना गरेको छलफलका वक्ताहरूले सो विधेयकको मस्यौदाले नागरिक सङ्घ संस्थाको अधिकार हनन गर्ने भएकाले यसका कमजोरी सच्याएर मात्रै अघि बढाउनुपर्नेमा जोड दिएका हुन् ।



सरकारले हालै राष्ट्रिय निर्देशन ऐन, २०१८, सङ्घ संस्था ऐन, २०३४, र समाज कल्याण ऐन, २०४९ लाई एकीकृत गरी सङ्घ संस्था दर्ता नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक, २०८२ को मस्यौदा सार्वजनिक गरेको छ ।

छलफलमा गैसस महासङ्घका अध्यक्ष अर्जुन भट्टराईले लोकतान्त्रिक मूल्य मान्यता, संवैधानिक अधिकार, नागरिक स्वतन्त्रता र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने गरी सङ्घ संस्थासम्बन्धी विधेयक, २०८२ को मस्यौदामा रहेका त्रुटिहरू तत्काल सच्याएर यसलाई पुनर्लेखन गर्न माग गरे ।

‘प्रमुख सरोकारवालसँग सम्बन्धित विषयमा परामर्श नगरी विधायन ऐन, २०८१ को दफा ६ (२) को प्रयोजनका लागि केवल औपचारिकता मात्र पूरा गर्न सुझाव माग्नुले नागरिक समाजको अवमूल्यन गरेको छ’, उनले तर्क गरे ।

नेपाल बार एसोसिएसनका कार्यवाहक अध्यक्ष सरस्वती श्रेष्ठले यो विधेयका मस्यौदामा थुप्रै कमी कमजोरी भएकाले दफाबाररूपमा गम्भीर बहस चलाउनुपर्ने धारणा राखे । गैसस महासङ्घका महासचिव देवी खड्काका अनुसार लोकतान्त्रिक आन्दोलनको सदैव सहयात्री नागरिक समाजको अवमूल्यन हुने गरी ल्याइएको यो मस्यौदाले नागरिक समाजको भूमिका खुम्च्याउने मात्र होइन नियन्त्रण नै गर्नेछ ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले पनि यो विधेयकको मस्यौदा नियमनकारीभन्दा नियन्त्रणमुखी भएको, विदशी गैससलाई नेपालमा काम गर्न झन्झटिला प्रावधान राखेको र नेपालमै सामाजिक क्षेत्रमा र गैसस क्षेत्रमा काम गर्न चाहने समाजसेवीलाई निरुत्साहित गरेको उल्लेख गरे । मस्यौदालाई व्यापक सुधार गरी नियन्त्रणमुखी प्रावधान हटाएर मात्रै पास गर्नुपर्ने उनको जोड थियो ।

त्यसैगरी, अधिवक्ता तथा विषय जानकार सञ्जीव घिमिरेका अनुसार यो विधेयको मस्यौदामा संस्था दर्ता र नियमन अत्यधिक प्रशासनिक र तजबिजी अधिकारमा आधारित हुनुका साथै नागरिक अधिकार क्षेत्र प्रवद्र्धन गर्न नसक्ने कानुनी प्रस्ताव गरेको छ ।

‘संस्थाको भौगोलिक कार्यक्षेत्र, स्रोत, कामको प्रकृतिका आधारमा गरिएको वर्गीकरण आधारभूत हक विरोधी र अव्यवहारिक छ’, घिमिरेले भने । संविधान प्रद्यत्त सङ्घसंस्था खोल्ने स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सहभागिताको हकको संरक्षण, प्रवद्र्धन र सहजीकरण गर्नुपर्ने कुराबाट विधेयक मूल लक्ष्य विचलित हुन नहुनेमा उनको जोड छ । रासस

# रोजगारी सिर्जना र प्रवर्द्धन प्राथमिकतामा छः मन्त्री दाहाल

**काठमाडौं ।**
भौतिक पुर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले रोजगारी सिर्जना र प्रवद्र्धन हुने कार्यक्रमलाई प्राथमिकतामा दिएको बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित विद्युतीय परिवहन प्रालीको विशेष साधारणसभालाई सम्बोधन गर्दै उनले रोजगारी प्रवद्र्धनका लागि विभिन्न तालिम, प्रशिक्षण तथा सीप हस्तान्तरणका कार्यक्रम सन्चालन गरि रहेको पनि बताए ।

वातावरणमैत्री र स्वच्छ उर्जाको उपयोग गरि थप रोजगारी सृजनातर्फ लाग्नुपर्ने उनले उल्लेख गरे । स्वदेशमै उत्पादित विद्युतको उपयोग प्रवद्र्धन गरि नेपाली मुद्रा बिदेश जानबाट रोक्न सकिनेतर्फ ध्यान दिने बेला आएको पनि मन्त्री दाहालले बताए ।

विद्युतीय परिवहनको माध्यमबाट नेपाली महिला तथा युवाहरु स्वरोजगार समेत भइरहेकाले यस क्षेत्रलाई आवश्यक नियम बनाइ थप ब्यवस्थित पारिने समेत उनले उल्लेख गरे । रासस

# मुलुकको समुन्नत विकासका लागि बलियो पार्टी र सक्षम नेतृत्व अपरिहार्यः अर्थमन्त्री

**लुम्बिनी ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष तथा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको समुन्नत विकासका लागि बलियो पार्टी र सक्षम नेतृत्व अपरिहार्य भएको बताएका छन ।



एमाले रुपन्देहीको आयोजनामा शनिवार मर्चवारमा आयोजित बृहत् आमसभामा उनले एमाले देशको नेतृत्व गर्नसक्ने पार्टी भएको उल्लेख गर्दै पार्टीमा जनता र नेताहरूको आकर्षण बढिरहेको उल्लेख गरे । ‘बलियो पार्टीबिना देशको विकास सम्भव छैन भन्ने कुरा बुझेर आज हजारौँ जनता, पूर्वअध्यक्षसहित एमालेमा प्रवेश गर्नुभएको छ’, पौडेलले भने, ‘यसबाट म निकै खुसी छु ।’

उनले मर्चवारको विकास एमालेबाट सम्भव रहेको उल्लेख गर्दै आगामी दुई÷चार वर्षभित्र मर्चवार क्षेत्रलाई बुटवल, भैरहवा र लुम्बिनी जस्तै सम्पन्न बनाउने प्रतिबद्धता जनाए । उनले मर्चवारमा अस्पताल, क्याम्पस निर्माण तथा अन्य पूर्वाधार विकासका लागि बजेट व्यवस्था गर्ने प्रतिबद्धता जनाए ।

एमालेका केन्द्रीय पोलिटब्युरो सदस्य लीला गिरीले मर्चवार क्षेत्रको पूर्वाधार विकास तथा कृषिको आधुनिकीकरणमा पार्टीले उल्लेखनीय काम गरेर देखाउने प्रतिबद्धता जनाए ।

त्यस अवसरमा सम्मरीमाई गाउँपालिकाका पूर्वअध्यक्ष जितेन्द्रनाथ शुक्ला र मर्चवारी गाउँपालिकाका पूर्वअध्यक्ष केशवनन्दन बानियाँले उपप्रधानमन्त्री पौडेलसमक्ष मर्चवार क्षेत्रमा चार लेनको चक्रपथ निर्माण गर्न आग्रह गरे ।

पूर्वअध्यक्ष शुक्लाले मलखाद, कृषि सामग्री र सिँचाइ सुविधा सहज रुपमा उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराए ।

कार्यक्रममा नेताहरूले एमालेमात्र देश विकासको प्रमुख आधार हुनसक्ने निष्कर्ष प्रस्तुत गरेका थिए ।

एमाले नेताहरू तुलसीप्रसाद चौधरी र सुनिता ठटेरले पनि तराई–मधेसको समृद्धि एमालेकै नेतृत्व सम्भव रहेको बताए । रुपन्देहीको दक्षिणी भेगमा फैलिएको मर्चवारलाई तराईको अन्नभण्डार मानिन्छ । उर्वर भूमि, प्रचुर कृषि सम्भावना र ऐतिहासिक–सांस्कृतिक महत्व बोकेको यो क्षेत्र लामो समयसम्म भने पछाडि पारिएको थियो । डेढ लाख जनसङ्ख्या ओगट्ने मर्चवारमा अहिले पनि धेरै घरमा शौचालय छैनन् । शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइजस्ता आधारभूत पूर्वाधार न्यून भएकाले यहाँका जनताले कठिन जीवन गुजारिरहेका थिए ।

पछिल्ला केही वर्षयता मर्चवारको मुहार फेरिन थालेको छ । पार्टी प्रवेशमा देखिएको उत्साहलाई उनीहरूले आफ्नो रणनीतिक आधार मानेका छन् । यसका लागि आधारभूत पूर्वाधार निर्माणका लागि ठूलो लगानी आवश्यक पर्छ ।

कृषि आधुनिकीकरणका लागि पर्याप्त सिँचाइ, भण्डारण र बजार व्यवस्थापन गर्नुपर्नेछ । यी चुनौती पार गरेरमात्र एमालेले मर्चवारलाई समृद्ध बनाउने गरी दिएको आश्वासन पूरा गर्न सक्नेछ ।

मर्चवारका जनताले लामो समयसम्मको उपेक्षापछि देखिएको यसप्रकारको पहललाई आशाको किरणका रूपमा लिएका छन् । एमाले नेतृत्वले प्रतिबद्धता पूरा गर्नसकेमा मर्चवार तराई–मधेसको मात्र होइन, समग्र लुम्बिनी प्रदेशकै समृद्धिको नक्सामा चम्किनसक्ने सम्भावना बलियो छ ।रासस

# तल्लो अरुण जलविद्युत परियोजनाको अनुमतिपत्र स्वीकृत



**काठमाडौँ ।**
६६९ मोगावाट क्षमताको तल्लो अरुण जलविद्युत परियोजनाको अनुमतिपत्र स्वीकृत भएको छ ।

प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शनिबार बसेको लगानी बोर्डको ६६ औँ बैठकले यस परियोजनाको अनुमतिपत्रको मस्यौदा स्वीकृत गरेको हो ।

साथै, अनुमतिपत्र जारी गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरिएको छ । बैठकले संखुवासभामा निर्माणाधीन अरुण–३ जलविद्युत परियोजनाको मस्यौदा स्वीकृत गरी आवश्यक निर्णयका लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सिफारिस गर्ने निर्णय पनि गरेको छ ।

त्यस्तै, बोर्डको कार्यालयमा आह्वान नगरिएको प्रस्तावका रुपमा प्राप्त अटो सर्भिस इको–इन्डष्ट्रियल पार्क परियोजनाको सम्बन्धमा प्रस्तावक कम्पनीसँग समझदारी गर्दै सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिएको छ । यसैगरी, चालु आ.व. २०८२र८३ का लागि लगानी बोर्डको कार्यालयमा विभिन्न सेवा, समूह तथा श्रेणीका पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने निर्णय पनि बैठकले गरेको छ ।रासस

# कोदोको बिष्कुट उत्पादन गर्ने उद्योग स्थापना



**म्याग्दी ।**
म्याग्दीको रघुगङ्गा, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा रहेको पर्यटकीयस्थल टोड्केमा रैथाने बाली प्रसोधन गरेर बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना भएको छ ।

गण्डकी प्रदेश सरकार र रघुगङ्गा गाउँपालिकाको सहयोगमा झिंका कृषक समूहले टोड्के हिल रिसोर्ट तथा होमस्टेमा कोदोलगायत रैथाने बालीको प्रशोधन गरेर बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना गरेका हुन् । परम्परागत जौँ, उवा, कोदो र फापरको पिठोबाट बिस्कुट बनाउने उद्योगको परिक्षण सफल भएको रघुगङ्गा गाउँपालिका–५ का वडा अध्यक्ष मनबहादुर शेरमङ्ग्राले बताए ।

'गाउँपालिकाले उपलब्ध गराएको उपकरण जडान गरेर परिक्षणका लागि कोदोको बिस्कुट उत्पादन भएको छ,' उनले भने, 'अर्को चरणमा फापर, जौ र उवाको पनि बिस्कुट बनाउने तयारी छ ।' कोदो, फापर, जौ र उवा पिस्ने मिल, प्रसोधन र पिठो पकाएर बिस्कुट बनाउने उपकरण ल्याएर जडान गरिएको छ ।

समुन्द्रि सतहदेखि दुई हजार ३०० मिटर उचाइमा रहेको टोड्केबाट सुर्योदय, पहाडी भूगोल, धौलागिरी र अन्नपूर्ण हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । टोड्के हिल रिसोर्ट तथा होमस्टेका सञ्चालक भिम शेरचनले उद्योगले स्थानीय किसानले उत्पादन गरेको रैथाने बालीको खपतका साथै टोड्केको पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने बताए ।

लोप हुँदै गएको परम्परागत जौँ र उवा बालीको संरक्षण गरी विभिन्न खाद्य परिकार बनाएर बजारीकरण गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/०८२ मा प्रदेश सरकारको ७५ लाख रुपैयाँ र रघुगङ्गा गाउँपालिकाको २५ लाख रुपैयाँ बजेटबाट झिंमा जौँ र उवा उत्पादन तथा 'ब्राण्डिङ' परियोजना सञ्चालन भएको थियो । परियोजनामार्फत ३०० रोपनी क्षेत्रफल जमिनमा जौँ र उवाखेती विस्तार भएको छ ।

पच्हत्तर प्रतिशत अनुदानमा ६७ जना कृषकलाई ३० वटा मिनिटेलर हलो, १८ वटा थ्रेसर मेसिन, १९ वटा कम्बाइन मेसिन, थप ८२ वटा जौ, उवा र कोदो तथा घाँस काट्ने ब्रस कटर, एक सेट कुकीज उत्पादन गर्ने मेसिन, १६६ थान त्रिपाल, १०० वटा ३०० किलोग्राम तौल क्षमताको मेटल बिन, २० एम एमको चार हजार ३६४ मिटर, २५ एम एमको एक हजार ५००, ३२ एम एमको चार हजार २०० र ४० एमएमको २०० मिटर पाइप वितरण भएको छ ।

किसानलाई सूचीकरण गरी परम्परागत जौँ, कोदो, फापर र उवा बालीको महत्वबारे जानकारी गराई खेती प्रविधिसम्बन्धी तालिमसमेत दिइएको थियो । झिँका होटल र होमस्टेमा जौँ र उवाको परिकार बनाउने सीप हस्तान्तरणका लागि तालिम सञ्चालन भएको थियो । रासस

# बेलायतले इजरायललाई रक्षा सम्मेलनमा आउन प्रतिबन्ध

**लन्डन ।**
इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई बेलायतबाट दोस्रो झट्का लागेको छ ।

प्यालेस्टाइनलाई मान्यता दिने घोषणा गरेको बेलायतले अब लण्डनमा हुन लागेको ठूलो रक्षा सम्मेलनमा इजरायली अधिकारीलाई प्रवेशमा रोक लगाउने घोषणा गरेको छ । बेलायतले लिएका यी दुवै निर्णयले बेलायतले गाजा युद्ध सम्बन्धी इजरायलको नीतिबाट अब आफूलाई टाढा राखेको सङ्केत गरेको छ ।

डिफेन्स एन्ड सेक्युरिटी इक्विपमेन्ट इन्टरनेशनल अर्थात् डिएसएआइ सम्मेलन लण्डनमा हुन लागिरहेको छ ।

बेलायत सरकारले इजरायली सरकारी अधिकारीहरू यस सम्मेलनमा भाग लिन नपाउने घोषणा गरेको छ। यो निर्णय गाजा युद्धसँग प्रत्यक्ष जोडिएको छ।

सम्मेलनका प्रवक्ताले इजरायली सरकारले गाजामा सैन्य कारबाही बढाउने निर्णय गलत भएको बताउँदै रक्षा सम्मेलनमा सहभागितामा बेलायतले प्रतिबन्ध लगाइएको हो ।

उनले भनेका छन कि अब यो आवश्यक छ कि इजरायलले तुरुन्त युद्ध रोक्न, बन्धकहरूलाई रिहा गर्न र गाजाका जनतालाई मानवीय सहायता उपलब्ध गराउनु पर्छ ।

तर, पनि इजरायली हतियार कम्पनीहरूलाई यो प्रदर्शनीमा भाग लिन भने अनुमति दिइएको छ। आयोजकहरू आशा गर्दछन् कि उनीहरूको उपस्थितिले व्यापक विरोध जगाउने छ ।

जुलाईमा बेलायती प्रधानमन्त्री केयर स्टारले सेप्टेम्बरसम्म प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको रूपमा मान्यता दिने घोषणा गरेका थिए। यस कदमबाट इजरायल गहिरो आक्रोशित छ र उसले बेलायतसँगको रक्षा र सुरक्षा सहयोगमा पुनर्विचार गर्न सक्ने चेतावनी दिएको छ ।

द टाइम्सको रिपोर्ट अनुसार नेतन्याहु सरकारले बेलायतको अडानलाई जवाफ दिन धेरै विकल्पहरू विचार गरिरहेको छ ।

बेलायतको यो अडानले इजरायल–बेलायत सम्बन्धमा बढ्दो तनावलाई तिब्रता दिनेछ । रक्षा सम्मेलनमा इजरायली अधिकारीहरूको अनुपस्थितिले भविष्यमा दुई देशबीचको सम्बन्धमा गहिरो छाप छोड्न सक्छ । एजेन्सी

# पाकिस्तानको पञ्जाबमा भिषण बाढी
## साढे १४ लाख मानिस प्रभावित



**काठमाडौं ।**
पाकिस्तानको पञ्जाब प्रान्तले दशकमै सबैभन्दा भीषण बाढीको सामना गरिरहेको छ । जसले गर्दा १४ लाख ६० हजारभन्दा बढी मानिस प्रभावित भएका छन् । पाकिस्तानी पत्रिका डनलाइ उद्दत गर्दै भारतीय सञ्चार माध्यम एएनआईले भारी मनसुनी वर्षाले पाकिस्तानमा निरन्तर क्षति पु¥याइरहेको जनाएको छ ।

पाकिस्तानको कसुर जिल्लाको गण्डासिंह हेडवक्र्समा शुक्रबार पानीको बहाव ३ लाख ८५ हजार क्युसेक नाघेर 'अत्यन्तै उच्च' स्तरमा पुगेको छ ।

जुन पछिल्लो ३० वर्ष यताकै सबैभन्दा ठुलो बाढी हो । चुनियाँ तहसील भनिने स्थानका नौ वटा गाउँलाई बाढीले मुख्य सडकसँग सम्पर्कविहीन बनाएका छन् भने सेना र प्रहरीले स्थानीयवासीलाई सुरक्षित स्थलमा सार्ने कार्य थालेका छन् ।

पञ्जाब प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पीडीएमए) का महानिर्देशक इरफान अली काठियाले कसुर शहरलाई जोगाउन रहिमयार तटबन्ध जानाजानी फोडिएको पुष्टि गरेका छन् । यसैबीच, रावी नदीमा पनि पानीको बहाव स्तरमा पुग्दै दर्जनौं गाउँ बस्तीहरु जोखिममा परेका छन् । बाहावलपुर र मुल्तानका उपनगर र ग्रामीण बस्तीहरू पनि गम्भीर खतरा अन्तर्गत रहेका छन् । सतलज र चेनाब नदीको पानी सतह बढ्दै गएपछि बाहावलपुर नजिकै सतलजको किनारदेखि दुईदेखि तीन किलोमिटरभित्रका बस्ती डुबानमा पर्ने आशंका गरिएको छ ।

सरकारले दशकमै सबैभन्दा ठूलो उद्धार तथा विस्थापन अभियान सुरु गरेको छ । हेड त्रिम्मु नजिक चेनाब नदीको सतह अझै बढ्ने अनुमान गरिएको छ । यसबीच, १ हजार ४ सय भन्दा बढी गाउँहरू तटबन्ध फोडिएका कारण डुबानमा परिसकेका छन् ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालयले आगामी सेप्टेम्बरको सुरुवातसम्म पनि वर्षा जारी रहने सम्भावना भएकाले थप बाढी, पहिरो र बाली नष्ट हुने जोखिम बढ्ने चेतावनी दिएको छ ।एजेन्सी

# एकदिवसीय अभ्यास खेलमा नेपालको जित



**काठमाडौं ।**
अस्ट्रेलिया भ्रमणमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले आफ्नो एकदिवसीय अभ्यास खेलमा जित निकालेको छ । साउथ अस्ट्रेलियाविरूद्ध शनिबार भएको खेलमा नेपालले २ विकेटको जित निकालेको हो ।

पहिले ब्याटिङ गरेको साउद अस्ट्रेलिया ४५ ओभरमा २४२ रनमा अलआउट भयो । २४३ रनको लक्ष्य नेपालले ४४.१ ओभरमा ८ विकेटको क्षतिमा पूरा गरेको हो । नेपालको जितमा कप्तान रोहितकुमार पौडेलले शतक प्रहार गरे । उनले नटआउट १०१ रन बनाए । गुल्सन झाले ३६ रन र सोमपाल कामीले नटआउट ४० रन बनाए । बलिङमा नेपालका नन्दन यादव र सोमपाल कामीले ३–३ विकेट लिए । रूपेश सिंह, सन्दीप लामिछाने र शाहब अलामले १–१ विकेट लिए ।

यसअघि नेपालले बिहीबार खेलिएका दुईवटा टी–२० अभ्यास खेलमा पराजय भोगेको थियो ।नेपाललाई साउथ अस्ट्रेलियाले दुई अभ्यास खेलमा पराजित गरेको थियो । यस्तै नेपालले मंगलबार एसिटी अस्ट्रेलियाविरूद्धको दुवै अभ्यास खेलमा जित निकालेको थियो । रासस

# थारू समुदाय परम्परागत भोदी खेल संरक्षणमा जुट्दै



**नवलपरासी।**
परम्परागत भोदी खेल संरक्षणमा यहाँका थारू समुदायले अग्रसरता लिएका छन् । थारू समुदायको मौलिक परम्परागत खेलका रूपक रहेको भोदी खेल संरक्षणका लागि समुदायकै पहलमा प्रतियोगिता आयोजना गरिएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको डण्डास्थित थारू सङ्ग्रहालयको परिसरमा थारू राष्ट्रिय सङ्ग्रहालय अध्ययन केन्द्रको आयोजनामा शुक्रबार जिल्लास्तरीय पुरुष तथा महिला भोदी खेल प्रतियोगिता सञ्चालन भयो । प्रतियोगिताले लोपोन्मुख अवस्थामा पुगेको खेलको संरक्षण साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास लिइएको अध्ययन केन्द्रका अध्यक्ष खन्सराम महतोले बताए।

थारू समुदायको संस्कृति र परम्परासँग जोडिएको भोदी खेल पछिल्ला वर्षमा खेल्ने क्रम घट्दै गएपछि संरक्षणको अभियान स्वरूप प्रतियोगिता आयोजना गरिएको हो।

भोदी खेललाई आकर्षक ढङ्गले नयाँ पुस्तामा परिचित गराउन सकियो भने यो केवल खेल मात्र नभई सांस्कृतिक सम्पदा र सामूहिक एकताको प्रतीकका रूपमा स्थापित हुन सक्ने अध्यक्ष महतोले बताए। भोदी खेल थारू समुदायको पुरानो खेलका रूपकसमेत कायम रहने उनले बताए।

भोदी खेलमा एक समूहमा दश जना खेलाडी सहभागी हुन्छन् । उनीहरूले पालैपालो झटारो हानेर भुइँको खाडलमा राखिएका दशवटा लट्ठी (थारू भाषमा टाँचा) निकाल्ने नियम हुन्छ । खेलअनुसार एउटा समूहलाई निश्चित समय प्रदान गरिन्छ । निर्धारित समयमा सबैभन्दा धेरै लट्ठी खाडलबाट निकाल्ने समूह विजेता बन्ने गर्दछ।

युवाको सक्रिय सहभागिताले यस परम्परागत खेलको संरक्षण मात्र नभई पुस्तान्तरणमा पनि ठूलो सहयोग पुगेको अध्ययन केन्द्रका उपाध्यक्ष राजकुमार महतोले बताए। शुक्रबार थारू समुदायको परम्परागत तथा मौलिक खेलको नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेका थिए।

धार्मिक र सांस्कृतिक महत्व बोकेको यो खेल विशेषतः युवा समूहबीचका खेलिने परम्परा छ । बलपूर्वक लट्ठी हान्नुपर्ने भएकाले समेत युवाको सहभागिता आवश्यकता पर्ने गर्दछ । थारु अगुवा गणेशमान महतोका अनुसार अनत चतुर्दशी पर्वको अवसरमा यसलाई विशेष महत्वका साथ खेलाइने गरिन्छ । यति बेला यहाँका थारू बस्तीमा भोदी खेलको रौनक छाएको महतोले बताए।

शुक्रबार भएको प्रतियोगितामा जिल्लाका साठीभन्दा धेरै पुरुष तथा महिला समूहको सहभागिता रहेको थियो। यसले समेत थारू समुदायको भोदी खेलको महत्व थप बलियो बनेको उनले बताए।

अनत पर्वमा गरिने उपवासले आफूले गुमाएको सम्पति फिर्ता गराउन सक्ने भन्ने धार्मिक मान्यता रहेको राष्ट्रिय थारू सङ्ग्रहालय अध्ययन केन्द्रका सल्लाहकारसमेत रहनुभएका महतोले बताए । द्धापार युगमा कौरव र पाण्डबीचको द्धन्द्वमा कौरवले छलकपट गरी पाण्डवको श्रीसम्पति हरण गरेपछि पाण्डवले गुमेको सम्पत्ति फिर्ताका लागि अनत पर्वको उपवास गर्ने निधो गरेको र सो क्रममा पर्वमा सबैलाई सहभागि र उत्तसाहपूर्वक बनाउन भोदी खेल आयोजना गरिएको धार्मिक कथन रहेको उनले बताए। सोही धार्मिक कथनबाट भोदी खेल आएको र अहिले पनि अनत पर्वको अवसरमा धुमधामका साथ खेल्ने गरिएको महतोले बताए । भोदी खेल थारू समुदायले खेल्ने गरेको मौलिक खेल रहेकाले यसको संरक्षणमा सरकारसमेतले चासो दिनुपर्ने उनले बताए।रासस

# चुलेनी खेलमैदान 'डिपिआर'मै सीमित



**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–६ चुलेनीमा खेलमैदान निर्माण गर्ने योजना विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मै सीमित भएको छ ।

खेलमैदान निर्माणका लागि विसं २०७८ मा तयार पारिएको चार करोड रुपैयाँ लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) कार्यान्वयन हुन नसकेको हो । आर्थिक स्रोतको अभावमा डिपिआर तयार पारेको चार वर्षसम्म पनि योजना कार्यान्वयन सुरु गर्न नसकेको बेनी नगरपालिका–६ का वडाध्यक्ष कृष्णसिंह बानियाँले बताए ।

'११ ए साइडको फुटबल खेल सञ्चालन गर्न सकिने क्षेत्रफलको खेलमैदानमा पूर्वाधार निर्माणका लागि प्रदेश र सङ्घीय सरकारमा योजना प्रस्ताव गरे पनि प्राथमिकतामा परेको छैन', उनले भने, 'स्थानीय तहसँग पर्याप्त आर्थिक स्रोत छैन । प्रदेश र सङ्घीय सरकारबाट साथ नपाउँदा सुविधायुक्त र व्यवस्थित खेलमैदान बनाउने योजना अघि बढ्न सकेको छैन ।' गण्डकी प्रदेशमा विसं २०७९ मा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि चुलेनीमा खेलमैदान बनाउने चर्चा भएको थियो । राष्ट्रिय खेलकुद परिषद् र प्राविधिक टोलीले चुलेनी पुगेर खेलमैदानको अवलोकन पनि गरेका थिए ।

म्याग्दीको जिल्ला सदरमुकाम बेनी बजारदेखि चार किलोमिटर पश्चिमतर्फ म्याग्दी नदीको किनारमा बालजागृति आधारभूत विद्यालय परिसरको खेलमैदानमा प्यारापिट, घेराबार र स्टेजलगायतका पूर्वाधार आवश्यक छ । बेनी नगरपालिकाले हालसम्म करिब रु ४० लाख खर्चेर खेलमैदान सम्माएको, भूमिगत पानी व्यवस्थापन र केही ठाउँमा तारजाली लगाएको वडाध्यक्ष बानियाँले बताए ।

फुटबल, क्रिकेट, भलिबल, बास्केटबलका साथै एथलेटिक्स खेलको अभ्यास र प्रतियोगिता सञ्चालनका लागि चुलेनीको मैदानमा पर्याप्त जग्गा भए पनि व्यवस्थित हुन नसकेकोमा मुनसन युवा क्लबका अध्यक्ष दिनेश बानियाँले चिन्ता व्यक्त गरे ।

'बेनी नगरपालिकाका क्षेत्रकै ठूलो र पर्याप्त जग्गा भए पनि चुलेनीको खेलमैदानमा सरोकारवालाको आँखा पर्न नसक्नु दुःखद् छ', उनले भने, 'चुलेनीको खेलमैदानलाई पूर्वाधार तयार पारेर व्यवस्थित गर्नसकेमा खेलकुदसँगै यस क्षेत्रको आर्थिक, सामाजिक क्षेत्रमा योगदान पुग्ने थियो ।'रासस

# गौरा पर्वः सांस्कृतिक परम्परा र श्रद्धाको उत्सव

**कञ्चनपुर।**
सुदूरपश्चिमका गाउँबस्तीहरूमा यतिबेला गौरा पर्वको चहलपहल सुरु भएको छ । पर्वकै लागि रोजगारीका लागि अन्यत्र गएका घर फर्किएका छन्।
यहाँका हरेक बस्तीमा नयाँ पहिरनमा सजिएका महिलाहरु माङ्गल, फाग गाउँदै गरेको भेटिन्छन् भने पुरुषहरु खेल्ने खेलले यहाँका बस्ती देउडामय भएका छन् । साउनको पुत्रदा एकादशीदेखि सुरु हुने यस पर्वलाई स्थानीय भाषामा गोःरा भनिन्छ । यस क्षेत्रमा प्राचीन कालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रुपमा भगवान् शिवकी अर्धाङ्गिनी शक्तिस्वरुपा पार्वती (गौरी) लाई गौरादेवीका रुपमा पूजा गरिँदै आएको छ।
भाद्र महिनामा मनाइने गौरा पर्व अगस्ति ताराको उदयका हिसाबले शुक्ल या कृष्ण दुवै पक्षमा पर्ने गर्छ । शुक्ल पक्षमा परेको गौरालाई उज्याली गौरा भनिन्छ भने कृष्ण पक्षमा परेको गौरालाई अन्यारी गौरा भनिन्छ। यी दुवै गौरालाई अति पवित्र मानिए उज्याली गौरालाई विशेष महत्वका साथ हेर्ने गरिन्छ।
विवाहित नारीहरुले आफ्नो कूल परम्पराअनुसार पुरुषहरु जस्तै यज्ञोपवितका रुपमा दुवधागो लाउने प्रचलन यस क्षेत्रमा रहेको छ । पहिलो चोटी उक्त दुवधागो लगाउनका लागि उजेली गौरा परेको पर्व सर्वप्रथम पुत्रदा एकादशीको ब्रत बसेपछि मात्र गौराको उपासना गर्न मिल्ने यहाँका जानकारहरु बताउँछन्।



लोक साहित्यका जानकार कविराज भट्टले पुत्रदा एकादशीको ब्रत बसिसकेकी विवाहित महिलाले भाद्र महिनाको बिरुडा पञ्चमीका दिन ब्रत बसेर बिरुडा भिजाएपछि गौरा पर्व विधिवत रुपमा सुरु हुने बताउछन। उनका अनुसार उक्त अवसरमा माङ्गल गीत (सगुन, फाग) सहित तामाको ताउलीलाई गाईको गोबर, दुबो र जौंतिलले सजाएर राख्ने प्रचलन छ। पाँच अन्न बिरुडा (मास, गहत, गहू, कलौं, गुरुस) तामाको ताउलीमा हाली सुगन फाग गायनसँगै भजाउने गरिन्छ।
'पञ्चमीको दिन भिजाएका बिरुडा दोस्रो दिन सगुन, फाग गायनसँगै महिलाहरुले पानीको मुहानमा लगेर पाँच पल्ट धुने गर्छन', भट्टले भने, 'धारामा साँवाधानको गौराको सानो मूर्ति बनाएर स्थापना गरी बिरुडा तथा चन्दन, अक्षता, पाती, दुप, दीप, फल आदिले पूजा गरी पुनःफाग गायनसँगै बिरुडा भिजाएकै स्थान घरमा आउँछन् ।' सप्तमीको दिन चेलीबेटीहरुले खेतबाट धान, साँवाधान, कुर्जो आदि हालेर रातो कपडा वा घुम्टीमा बेरेर गौराको मूर्ति बनाएर गौरा घरमा ल्याउने चलन छ।
'गौरालाई डालोमा राखेर शुद्ध आसनमा स्थापित गरिन्छ एउटा काठको पिर्कोमा पहेलो कपडा बनाएर महेश्वर स्थापना गर्ने गरिन्छ', उनले भने, 'साँझपख ब्रतालु महिलाहरु गोराघरमा जम्मा भइ ब्रहमण बोलाइ गोरामा अभिशेष गरी पञ्चपूर्वाङ्गसहित गौरामहेश्वरको पूजाआजा गर्दछन ।' सप्तमीको दिन धागोमा विशेष किसिमका सात गाँठा भएको धागोलाई गौरामा चढाइ अभिशेष गरेपछि महिलाले घाँटीमा धारणा गर्ने गर्दछन् । दुर्वाष्ठमीको दिन गौराको महत्वपूर्ण दिन हो । यसलाई अठ्यावाली भन्ने गरिन्छ। यो दिन महिलाले सगुन फागसहित गौरालाई गौरा हुँदै आइरहेको आँगनमा लगेर राख्छन्। सबै महिलाहरु जम्मा भइ अठ्यावाली गायनसँगै बिरुडाले गौराको पूजा गर्ने यहाँका जानकार आचार्य सरस्वती अवस्थी बताउँछन् । अठ्यावालीकै बीचमा प्रसङ्गअनुसार एउटा धर्मकथा प्रस्तुत गरिन्छ।
'अठ्यावाली पूरा भएपछि फलफट्काउने काम गरिन्छ। दुई जना पुरुषहरुले च्यादरमा गौरामा चढाएका फलफूल तथा बिरुडालाई आकाशतिर पूर्व, पश्चिम, उत्तर दक्षिण र आकाशतिर फाल्ने गरिन्छ ।' उनले भने, 'आकाशमा फालिएका बिरुडा प्रसादलाई ब्रतालु महिला तथा उपस्थित सबैले देवीको प्रसादका रुपमा आकाशबाटै ग्रहण गर्ने गर्छन्।'
उनले महिलाले आफ्ना पतिलगायत घरका सबै सदस्यहरुको बिरुडाले टाउँको पूज्ने र आर्शीवचन दिने चलन छ। 'हामी गौराको प्रसाद दिएर आफूभन्दा साना ठूला सबैलाई आशिर्वाद दिन्छौं', उनले भने, 'गौरा पर्व नारीप्रधान पर्व हो यो पर्वमा हामी नारीलाई धेरै अधिकार दिएको छ।'
अठ्यावालीपछिका दिनमा भने यहाँका देवालयमा महिला तथा पुरुषको खेल सुरु हुन्छ। पुरुषले ढोलक र मिजुराका स्थानीय देवीदेवता तथा पौराणिक कथावस्तुमा आधारित ढुष्को, धमारी, ठाडोखेल, चैत आदि प्रस्तुत गर्छन्। कतिपय स्थानमा महिला पुरुषका दोहोरी देउडा हुने गरेका छन्। तीन÷चार दिन खेल चलेपछि उपयुक्त साइत हेरी गौरा विसर्जन गरिन्छ।
गौरा पर्व यस क्षेत्रको मौलिक पहिचान बोकेको पर्व मात्रै नभएर नारी सम्मानको पर्व भएको लोकसाहित्यका जानकार रमेश पन्त मीतबन्धु बताउँछन्।
'गौरा पर्वको अवसरमा घरपरिवारका सबै सदस्यका लागि एकजोर नयाँ लुगा किन्ने परम्परा छ', उनले भने, 'घरबाहिर रहेका मानिसहरु पनि गौराको बिरुडा प्रसाद ग्रहण गर्नका लागि घर फर्किने, चेलीबेटी तथा इष्टमित्रहरुलाई घरमा बोलाउने रमाइलो गर्ने चलन छ।' उनले गौरा धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, पौराणिक, ऐतिहासिक तथा अन्य विविध दृष्टिकोणले महत्व बाकेको पर्व रहेको बताए। रासस

# खोक्सिकका विपन्न दलितलाई घर

**भोजपुर।**
भोजपुरको रामप्रसादराई गाउँपालिका–८ खोक्सिकका छ विपन्न दलित परिवारले नयाँ घर पाएका छन् । जनता आवास कार्यक्रममार्फत आर्थिक अवस्था कमजोर भएका उनीहरुलाई घर दिइएको हो।
राज्यले निःशुल्क घर बनाइदिएपछि दैनिकी फेरिएको लाभग्राही तीर्थादेवी कामीले बताए । 'गरिबीका कारण घर बनाउन सकेका थिएनौं', उनले भने, 'राज्यकोतर्फबाट नयाँ घर पाउँदा खुसी छु । हाम्रो पुस्तौंदेखिको पीडा अन्त्य भएको छ ।' सहरी विकास तथा भवन डिभिजन कार्यालय, धनकुटाबाट आएको बजेटमार्फत घर निर्माण गरिएको वडाले जनाएको छ । वडाध्यक्ष वाचकुमार राईका अनुसार प्रत्येक घर निर्माणमा तीन लाख ३६ हजार रुपैयाँ खर्च भएको छ। घर निर्माणले विपन्न परिवारलाई सुरक्षित आवास र सहज जीवनयापनमा ठूलो टेवा पुगेको उनले बताए।रासस

# बाजुराको तलगाउँ पहिरोको जोखिममा

**बाजुरा।**
लगातारको अविरल वर्षाका कारण पहिरो बग्न थालेपछि बस्ती नै जोखिममा परेको छ। पहिरोका कारण बडीमालिका नगरपालिका–७ जिल्लीको तलगाउँ उच्च जोखिममा रहेको वडा नं ७ का वडाध्यक्ष धर्मराज पाध्यायले बताए। यही भदौ ६ गते आएको वर्षाका कारण तलगाउँको तलपट्टीबाट पहिरो गएपछि गाउँका २० घर उच्च जोखिममा परेको उनको भनाइ छ।
'पहिरोका कारण २० घरमध्ये आठ घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्था छ', उनले भने। शुक्रबार वडाध्यक्ष पाध्यायको नेतृत्वमा गएको अनुगमन टोलीले २० परिवार जोखिममा रहेको र आठ परिवार स्थानान्तरण गर्नुपर्ने निष्कर्ष निकालेको अनुगमन टोली सदस्य तथा वडा सदस्य पार्वती जोशीले बताए। जिल्ला विपद् व्यवस्थापन समिति बाजुराका अनुसार जिल्लामा ५३ बढी बस्ती पहिराको उच्च जोखिममा छन्।रासस

# पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**गलकोट।**
अविरल वर्षाका कारण कालीगण्डकी करिडोरको बागलुङखण्ड अवरुद्ध भएको छ। राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको करिडोरको बागलुङखण्डस्थित बागलुङ नगरपालिका–१३ कालाखोला भन्ने स्थानमा पहिरो खसेपछि आज बिहानैदेखि सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी केशव थापाले जानकारी दिए।
पहिरोका कारण उक्त खण्डमा यातायात सञ्चालन ठप्प भएको छ।
कालाखोला छेत्रमा यस अघि समेत ठूलो पहिरो खसेको थियो । ठूलो पहिरोका कारण खुलाउन समस्या भइरहेको छ। कालीगण्डकी करिडोर आयोजना, निर्माण व्यवसायी र बागलुङ नगरपालिकाले वर्षा रोकिएपछि सडक खुलाउन प्रयास गर्ने प्रहरीको भनाइ छ । रासस

# कर्णाली प्रदेशमा दश वर्षमा विपद्का घटनाः ६१९ जनाको मृत्यु, साढे तीन अर्बको क्षति

**सुर्खेत।**
कर्णाली प्रदेशमा पछिल्लो दश वर्षमा विपद्का घटनामा परी ६१९ जनाको मृत्यु भएको छ भने अर्बौंको क्षति भएको छ।
कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार कर्णाली प्रदेशमा २०७२ देखि २०८१ सम्मको दश वर्षको अवधिमा ६१९ जना व्यक्तिको विपद्का घटनामा परी मृत्यु भएको हो।
तथ्याङ्कअनुसार दश वर्षमा प्रदेशभर ६८ जना बेपत्ता भएका छन भने एक हजार २६६ जना घाइते भएका छन्। यो अवधिमा सबैभन्दा बढी जाजरकोट जिल्लामा विपद्बाट १८४ जनाको मृत्यु भएको छभने सबैभन्दा कम मुगुमा २६ जनाको मृत्यु भएको छ । यस्तै, रुकुममा ९२ जना, कालीकोटमा ८४ जना, जुम्लामा ४७ जना, हुम्लामा ४६ जनाको विपद्मा घटनामा परी मृत्यु भएको छ । यसैगरी, सल्यानमा ३९ जना, दैलेखमा ३६ जना, डोल्पामा ३५ जना र सुर्खेतमा ३० जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । एक दशकको अवधि सबैभन्दा धेरै पहिरोबाट १८० जनाको मृत्यु भएको छ। यस्तै भूकम्पबाट कारण १५४ जनाको मृत्यु हुँदा आगलागीबाट ६४ जनाको मृत्यु भएको प्रदेश सरकारका विपद् सहजकर्ता उज्वल अधिकारीले जानकारी दिए। उनका अनुसार चट्याङबाट ४६ जना, बाढीबाट ३९ जना, महामारीबाट ३४, लेक लागेर २५ जना, वन डढेलोमा परी १५ जना, डुबेर १४ जना र भारी वर्षाका कारण १३ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेशमा विशेषगरी भूकम्प, पहिरो, आगलागी, चट्याङ, बाढी र महामारीजस्ता प्रकोपको कारण अत्यधिक रूपमा क्षति भएको आँकडाले देखाउँछ । यसका साथै महामारी, लेक लाग्ने, नदी कटान, डुबान, भूक्षय, जनावर आक्रमण, रोगको प्रकोप, असिना, हुरीबतासजस्त प्रकोपका कारण ठूलो धनजनको क्षति हुने गरेको छ । विभिन्न वैज्ञानिक अध्ययनअनुसार कर्णाली प्रदेश भूकम्पको उच्च जोखिममा रहेको छ।
तथ्याङ्कअनुसार विपद्बाट दश वर्षमा झण्डै साढे तीन अर्ब रुपैयाँको क्षति भएको छ। सबैभन्दा धेरै क्षति भूकम्पबाट भएको छ । गत वर्ष जाजरकोटमा आएको भूकम्पले धेरै क्षति पु¥याएको तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्कअनुसार भूकम्पबाट मात्रै दुई अर्ब ४७ करोड रुपैयाँ भन्दा धेरैको क्षति भएको छ । यता, प्रदेश सरकारले सम्भावित विपद्का कारण हुनसक्ने क्षति न्यूनीकरणको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाएर काम गरिरहेको जनाएको छ । यस्तै मनसुनको बेला हुनसक्ने विपद् जोखिम कम गर्नसमेत मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार काम भइरहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव उत्तम गौतमले जानकारी दिए।
उनका अनुसार कक्षा ९ देखि १२ सम्म १३ हजार विद्यार्थीलाई विपद्बाट जोगिन सक्ने उपायबारेमा हाते पुस्तक वितरण गर्ने योजना बनाइएको भन्दै उनले यसले सचेतनामा सघाउ पुग्ने उल्लेख गरे । सरकाले यस कार्यका लागि विभिन्न नीतिगत व्यवस्थासमेत गरेको उनले जानकारी दिए।रासस

# पेय पदार्थमा अखाद्य वस्तु भेटिएपछि जरिवाना

**काठमाडौँ।**
चाडबाड नजिकिँदै गर्दा काठमाडौँ महानगरपालिकाले बजार अनुगमनलाई तीव्रता दिएको छ।
धनुषा डिस्टिलरी प्रालिद्वारा उत्पादित 'मुस्ताङ गोल्ड' नामक अल्कोहलजन्य पेय पदार्थमा अखाद्य वस्तु भेटिएपछि उद्योगमाथि कारबाही गरी कामपाले दुई लाख रुपैयाँ जरिवाना तिराएको छ । सिलबन्दी अवस्थामा बजारमा बिक्री वितरण भइरहेको उक्त मदिरामा झिँगा फेला परेपछि कामपाले कारबाहीस्वरुप जरिवाना तिराएको कामपाको कृषि तथा पशुपक्षी विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए।
प्रमुख न्यौपानेका अनुसार उपभोक्ताले गरेका गुनासोको आधारमा कामपाले अनुगमन गरेको थियो । विभागले उक्त मदिराको नमूना सङ्कलन गरी जाँच गरेको थियो । जाँचका क्रममा सिलबन्दी बोतलभित्र अखाद्य वस्तु फेला परेको पुष्टि भएपछि कामपाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७५ अनुसार कारबाही र जरिवाना गरिएको हो।
विभागका अनुसार, जरिवाना रकम कामपाको राजस्व खातामा जम्मा गरिसकेपछि सोको जानकारी विभागमा पेस गर्नुपर्नेछ । कामपाले बजारमा बिक्री हुने खाद्य तथा पेय पदार्थको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र कडा कारबाहीको नीति अवलम्बन गरेको समेत जनाएको छ।
कामपाले उपभोक्ताको स्वास्थ्य र सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै बजारमा बिक्री वितरण हुने सबै खाद्य तथा पेय पदार्थको गुणस्तर जाँचलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । त्यस्तै वसन्तपुर र इन्द्रचोकमा खाद्य अनुगमन गर्दा ३१ लिटर अखाद्य तेल नष्ट गरेको छ।
कामपाले वडा नम्बर २३ र २४ अन्तर्गत वसन्तपुर र इन्द्रचोक क्षेत्रमा खाद्य अनुगमन गरेको चार रेस्टुराँ र एक मिठाई पसलको अनुगमन गर्दा अखाद्य तेल भेटेपछि नष्ट गरेको हो । टोलीले व्यवसायीलाई खाद्य स्वच्छता कायम राख्न, सरसफाइमा ध्यान दिन, तार्ने तेल बारम्बार प्रयोग नगर्न, शाकाहारी र मांसाहारी खाद्यवस्तु छुट्टै भण्डारण गर्न निर्देशन समेत दिएको छ।
विभागले उपभोक्ताको स्वास्थ्य र खाद्य सुरक्षालाई पहिलो प्राथमिकतामा राखी यस्ता अनुगमन कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ साथै, सबै व्यवसायीहरूलाई खाद्य स्वच्छता र गुणस्तर कायम गर्न जिम्मेवार हुन निर्देशनसमेत दिएको छ। रासस

# संरक्षणको पर्खाइमा ऐतिहासिक टक्सार बजार

**भोजपुर।**
औद्योगिक, व्यापारिक तथा साँस्कृतिक पहिचान बोकेको भोजपुरको ऐतिहासिक टक्सार बजार अहिले संरक्षणको पर्खाइमा छ । 'सानो पाटन'को नामले चिनिएको यो बजार बसाइँसराइका कारण सुनसान बनेको छ ।दर्जनौं धार्मिक एवं सांस्कृतिकस्थल समेटिएको यो बजार क्रमशः जीर्ण हुँदै गएको स्थानीयबासी अम्रिका तामाकार बताउछन । 'ऐतिहासिक टक्सार बजार नेपालकै गौरव बोकेको स्थल हो' उनले भने, 'तर वर्षैपिच्छे खण्डहर बन्दै गएको छ। यो ऐतिहासिक क्षेत्रको संरक्षणको खाँचो छ।' विसं १८७२ देखि १८८७ सम्म टक्सारमा डोली पैसा बन्ने गथ्र्यो भन्ने ऐतिहासिक तथ्य छ। तत्कालीन नेपाल सरकारले विसं १८७० देखि पूर्वी पहाडका जिल्लामा खनिज पदार्थ उत्खनन थालेपछि टक्सारमा अड्डासमेत स्थापना भएको थियो।
यहाँ विस १९९३ मा स्थापना भएको शाक्यमुनि विहार, सरस्वती गुफा,



अजिमा थान, महेन्द्र पार्क, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, भिमसेन थान, तीन धारा लगायतका धार्मिकस्थल रहेका छन् । बस्ती घट्दै गएसँगै यी सम्पदा पनि ओझेलमा पर्न थालेको स्थानीय राजकुमार श्रेष्ठ बताउछन । 'टक्सारमा दजनौं धार्मिक स्थल छन्,' उनले भने, 'जुन स्थान पर्यटकको आकर्षणको केन्द्र पनि हुन्। बजार नै जीर्ण बनेकाले यी क्षेत्र ओझेलमा परेका छन्।'
राणाकालमा यहाँ टकमारीमार्फत बनाइएका एक तोला र दुई तोलाका डोली पैसा चलनमा आएका थिए। टक काट्ने पहिलो कालीगढ देवदत्त शाक्य रहेको स्थानीयबासीको भनाइ छ ।विसं २०१३ मा तत्कालीन राजा महेन्द्र शाहले टक्सारलाई औद्योगिक क्षेत्रको रूपमा घोषणा गर्नु भएको थियो। सो समयमा करिब २०० ÷३०० परिवारको बसोबास रहेको यो बजारमा अहिले बस्ती घट्दै गएको स्थानीयको भनाइ छ । टक्सार बजारको पहिचान जोगाउन संरक्षणसँगै नयाँ बस्ती विस्तारको अवधारणा आवश्यक रहेको स्थानीय बताउने गरेका छन्।रासस

# दैजी जोगबुढा सडकः आठ वर्षमा पाँच किमि कालोपत्र

**कञ्चनपुर**
कञ्चनपुर र डडेल्धुराको भित्रि मधेस जोड्ने दैजी जोगबुढा सडक आठ वर्षमा पाँच किलोमिटर मात्रै कालोपत्रे भएको छ।
कञ्चनपुरको बेदकोट नगरपालिकास्थित दैजीदेखी डडेल्धुरा जिल्लाको सिमाना लिप्नासम्म १२ किमी सडक निमार्णका लागि २०७४ वैशाख ८ गते नार्गाजुन कन्स्ट्रक्सनसँग २१ करोड २६ लाख ५३ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौताअनुसार २०७६ साउन ५ गते निमार्ण सम्पन्न गरिसक्नुपर्ने भएपनि हालसम्म सडक निमार्णले पूर्णता पाएको छैन। हालसम्म सडक निमार्णका लागि पाँच पटक म्याद थप भएको छ । सडक निमार्णका लागि पछिल्लो पाचौं पटक २०८२ असार २० गते निर्माण सम्पन्न गर्ने गरी म्याद थप गरिएको भएपनि उक्त समयसमेतमा सडक निमार्ण हुन नसकेको पूर्वाधार विकास कार्यालय महेन्द्रनगरले जनाएको छ । गत आर्थिक वर्षमा सडम निमार्णको काम नहुँदा एक करोड बजेट फ्रिज भएको थियो।
कार्यालयका सूचना अधिकारी लक्ष्मणराज जोशीले सडक निमार्णका लागि हालसम्म पाँच पटक म्याद थप गरिएको भएपनि सडक निमार्ण सम्पन्न हुन नसकेको गरिएको जानकारी दिए । 'अहिलेसम्म पाँच



किलोमिटर सडक मात्रै कालोपत्रे भएको छ ।' उनले भने, 'सात किमी सडक निमार्णको काम बाँकि नै छ, निमार्ण व्यवसायिले हालसम्म १८ करोड ३६ लाख रुपैयाँ रकम भुक्तानी पाइसकेको छ ।' उनका अनुसार निमार्ण व्यवसायिले दुई करोड ९० लाख भुक्तानी पाउन मात्रै बाँकी छ।
कञ्चनपुरबाट डडेल्धुरालगायत सुदूरपश्चिमका पहाडी जिल्ला जान दूरीका हिसाबले नजिक पर्ने उक्त सडक निमार्ण नहुँदा यहाँका स्थानीयले सास्ती खेप्नु परेको छ । 'पञ्चायतकालमा सुरु भएको सडक अहिलेसम्म पनि निमार्ण हुन सकेको छैन ।' यहाँका स्थानीय केशव बोहराले भने, 'यो सडक निमार्ण नहुँदा आमीले धेरै दुःख पाएका छौं हिउँदमा धुलाम्य हुन्छ वर्षादमा ज्यान जोखिममा राखेर यात्रा गर्नुपर्ने बाध्यता छ ।' उनले उक्त ३१ किमी सडक निमार्ण नहुँदा यहाँका स्थानीय १५० किमी घुमाउरो बाटो प्रयोग गर्नुपरेको गुनासो गरे । डडेल्धुराको भित्री मधेसलाई कञ्चनपुरसँग जोड्न यो छोटो दुरीको सडक भीमदत्त राजमार्गको विकल्पको रूपमा समेत छ।रासस

# मोबाइल चोरीको झूटो आरोपमा कुटपिटमा परेका दलित युवकको मृत्यु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिका–४ बहादुरपुरमा मोबाइल चोरीको झूटो आरोप लगाइएपछि निर्मम कुटपिटमा परेका २८ वर्षीय दलित युवक नसिब बैठाको मृत्यु भएको छ । पीडित परिवारका अनुसार गत साउन १६ गते राति गाउँकै पसलमा बसेका नसिबलाई स्थानीय संजय यादव, विजय यादव, गर्भु गोसाइँ, शम्भु गोसाइँ, प्रभु गोसाइँ र लक्ष्मी गोसाइँसहितको समूहले मोबाइल चोरी गरेको आरोपमा कुटपिट गरेका थिए । सो क्रममा उनीमाथि चोरी स्वीकार गर्न दबाब दिइएको तर बैठाले अस्वीकार गरेपछि केही व्यक्तिले उनलाई घरसम्म पुर्याएका
थिए । तर, भोलिपल्ट अर्थात् साउन १७ गते सोही समूह फेरि घरमै पसेर बैठालाई समातेका थिए । उनीहरू आरोपितहरूले आँखामा पट्टी बाँधेर करिब ३०० मिटर टाढा लगेर उल्टो रुखमा रस्सीले बाँधेर साइकलको चेन, बेल्ट, हात र मुक्काले निर्मम कुटपिट गरेको परिवारले जनाएको छ ।
नसिबलाई कुटपिटपछि प्रहरीले पक्राउ गरेर इलाका प्रहरी कार्यालय कटहरिया पुर्याइएको थियो । त्यहाँ भएको पञ्चायतमा बैठा निर्दोष सावित भएका थिए । मोबाइल चोरी गरेको कुनै प्रमाण नपाएपछि प्रहरीले उनलाई छोडेको परिवारले बताएको छ ।
तर, सो घटनामा भएका गम्भीर चोटपटकका कारण बैठाको स्वास्थ्य दिनप्रतिदिन बिग्रँदै गयो । हिँडडुल गर्नै नसक्ने अवस्थामा पुगेपछि परिवारले उनलाई वीरगंजस्थित स्पोर्ट्स अस्पतालमा उपचारका लागि लगेको थियो। करिब २० दिनको उपचारपछि उनको मृत्यु भयो । पीडित परिवारका सदस्यले न्याय र क्षतिपूर्ति नपाएसम्म शव दाहसंस्कार नगर्ने अडान लिएका थिए । तर, गाउँका ठूला–बडाबाट आएको दबाबका कारण उनीहरू बाध्य भएर शव जलाउनुपरेको नसिबका भाइले बताए । उनले भने, 'हामीले मुद्दा दर्ता गरेका छौं । तर, प्रहरी प्रशासनले अहिलेसम्म वास्ता गरेको छैन । उल्टै गाउँघरका केही व्यक्तिहरूले मिलापत्र गर्न दबाब दिइरहेका छन् ।' मृतकको परिवारले कुटपिटमा संलग्न व्यक्तिहरूमाथि कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय कटहरियामा मुद्दा दर्ता गराए पनि हालसम्म प्रहरीले कुनै स्पष्ट कदम नचालेको गुनासो छ । स्थानीय दलित समुदायले पनि यस घटनालाई जातीय भेदभाव र दलित माथिको हिंसाको जघन्य उदाहरण भन्दै दोषीलाई कठोर सजाय दिन माग गरेका छन् ।

# मूर्ति विसर्जनलाई लिएर दुई समुदायबीच झडप, अश्रुग्यास प्रहार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२० देवपुरा रुपैठास्थित झण्डाचोकमा गणेश पूजाको मूर्ति विसर्जनलाई लिएर हिन्दू र मुस्लिम समुदायबीच झडप भएको छ । शनिबार भएको घटनामा दुवै पक्षबीच ढुङ्गामुढासहित झडप चर्किएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन अश्रुग्यास प्रहार गरेको हो । प्रहरीका अनुसार मूर्ति विसर्जनको क्रममा हिन्दू समुदायले जुलुस मुस्लिम बस्ती हुँदै लैजान खोज्दा विवाद शुरु भएको थियो । सोही क्रममा वादविवाद चर्किँदै गएपछि ढुङ्गामुढा शुरु भएको र स्थिति तनावग्रस्त बन्दै गएपछि प्रहरीलाई हस्तक्षेप गर्नुपरेको बताइएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरिक्षक बरुणबहादुर सिंहले घटनास्थलमा चार राउण्ड अश्रुग्यास प्रहार गरेर भीड नियन्त्रणमा लिइएको जानकारी दिए । उनका अनुसार सो क्षेत्रमा कुनै अप्रिय घटना नहोस् भन्नका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको बाक्लो सुरक्षा



व्यवस्था गरिएको छ । 'झडप नियन्त्रणमा लिइसकिएको छ । तर, वातावरण अझै पूर्ण रूपमा शान्त छैन । सावधानीका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ,' डीएसपी सिंहले भने । झडपमा घाइते हुने वा क्षति हुनेबारेको विस्तृत विवरण भने अहिलेसम्म प्रहरीले पाएको छैन । घटनास्थल वरपरका स्थानीयवासी त्रसित बनेका छन् भने आवागमन पनि केही समय अवरुद्ध भएको थियो । जनकपुरधाममा विगतमा पनि धार्मिक गतिविधिलाई लिएर विभिन्न समुदायबीच तनाब सृजना हुने घटना घटिरहेका छन् । स्थानीयवासीले यस पटकको घटनाले फेरि समुदायबीच अविश्वास बढ्ने चिन्ता व्यक्त गरेका छन् । उनीहरूले धार्मिक सहिष्णुता कायम गर्न सबै पक्ष संयमित बन्नुपर्नेमा जोड दिएका छन् । स्थानीय प्रशासनले भने स्थिति नियन्त्रणमा रहेको र आवाश्यक कदम उठाइसकिएको जनाएको छ ।

# तेस्रोपटक उल्टाइयो फैसला

**मनोज माझी**
**सप्तरी ।**
१७ वर्षमा दुईपटक एकैथरीका फैसला गरेको एक कार्यालयले तेस्रोपटक भने एक पक्षलाई लाभ पुर्याउने गरी विगतमा गरेको आफ्नै फैसला उल्टयाएको आरोप लागेको छ । राजविराज नगरपालिका साविक ४ हाल वडा नं. ३ बस्ने रेवती रमण चौधरीले यस्तो आरोप लगाएका हुन् । उनले यस्तो गैरकानूनी कार्य राजविराजस्थित भुमि सुधार तथा मालपोत कार्यालयबाट भएको भन्दै उक्त प्रकरणको सत्य तथ्य छानविन हुनुपर्ने माग समेत गरेका छन् । उक्त कार्यालयको पछिल्लो तेस्रो आदेशबाट पीडित भई न्याय खोज्दै दिनहु जसो उच्च अदालत जनकपुर– राजविराज इजलास



धाउँदै गरेका ७४ वर्षीय चौधरीले सञ्चारकर्मीहरुलाई सो आदेशहरुको कागजात देखाउँदै न्यायका लागि पहल गरिदिन आग्रह गरेका छन् । प्रयाप्त प्रमाण र आधारबिनै कार्यालयका जिम्मेवार अधिकारीले पैसाको चलखेलमा विगतका फैसलाहरु उल्टयाउँदै आफ्नो नाममा रहेको जग्गामा एक पक्षलाई लाभ पुर्याउने गरी मोही नामसारी गरिदिएको उनको दावी छ । आफ्नो चनर दाजुभाई बीच वि.सं. २०२० सालमै अंशवडा समेत भइसकेको डाक्नेश्वरी नगरपालिका–९ पत्थरगाडास्थित किता नं. ९४ को १९ कठ्ठा साढे ९ धुर तथा किता नं. २२१ को ९ कठ्ठा ३ धुर जग्गा विपक्षी सोहि पालिका बस्ने बेचन चौधरी, राजकुमार चौधरी र रामकुमार चौधरीको नाममा गैरकानूनी ढंगले मोही नामसारी गरिएको उनको कथन छ । फिल्ड बुकमा समेत कतै उल्लेख नभएको अवस्थामा उक्त जग्गामा मोही नामसारी हुनु आश्चर्यको विषय हो, 'उनले भने, 'यसको छानविन गरिए सबै सत्य तथ्य आफै खुल्नेछ ।' उक्त प्रकरणमा २०६६ र २०७६ सालमा गरी दुईपटक उक्त कार्यालयबाट विपक्षीको प्रमाण नपुगेको भन्दै आफ्नो पक्षमा फैसला भएपनि तेस्रो पटक फैसला उल्टयाइएको उनले बताए । पछिल्लो पटक उक्त कार्यालयले २०८१ चैत्र २७ गते यसअघि गरिएका २ वटै फैसला उल्टयाउँदै विपक्षीको नाममा मोही नामसारी गरिदिने आदेश दिएको उनको भनाइ छ । यसअघिको आदेशहरुमा विपक्षीले दावी लिएको जग्गाको फिल्डबुकको जोताहा महल खाली भएको, किता नं. उल्लेख नभएको, जोत भोगको जग्गाधनी हातको एक सालको भर्पाई नभएको तथा २ नं. को अनुसूचि भित्रको नै जग्गा हो भन्न सकिने स्पष्ट आधार नदेखिएकाले विपक्षीको दावी नपुग्ने ठहर्छ भनी भनिएकोमा पछिल्लो आदेशमा चौधरीका बुवा गुनानन्द परलोक भई उक्त जग्गा विपक्षीहरु नियमित रुपमा जोतभोग गरी बाली बुझाउँदै आएको भनी नगरपालिकाले सरजमीन साथ राखी मोही दर्ता नामसारी सिफारिस गरेकाले विपक्षीहरुको नाममा भूमि सम्बन्धि ऐन २०२१ को दफा २६१ बमोजिम मोही नामसारी गरिदिने ठहर्छ भनि उल्लेख गरिएको छ । उनले पछिल्लो आदेश सरुवालाई जान लागेका बेला तत्कालिन कार्यालय प्रमुख लक्ष्मी प्रसाद खरेलले गरेको सुनाए । यसबारे कार्यालय प्रमुख खरेलसँग जानकारी लिने प्रयास गर्दा उनी २०८२ बैशाख १ गते नै रमाना लिई सरुवा भएको स्थानमा गइसकेको जानकारी प्राप्त भएकाले सम्पर्क हुन सकेन । उनको स्थानमा नयाँ आएका कार्यालय प्रमुख भूपेन्द्र राइले यसबारे आफुलाई केही जानकारी नरहेको तथा उक्त आदेशहरुको फाइल अध्ययन गरी मात्र थप जानकारी दिने बताएका छन् ।

# रौतहटका स्थानीय तह तनावमा



**विकास अग्रवाल**
**रौतहट ।**
विगत लामो समयदेखि निमित्त प्रशासकिय अधिकृतको भरमा सञ्चालन हुँदै आएको रौतहटका अधिकांश स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृत पठाउने मन्त्रालयले नामावली सार्वजनिक गरेपछि यहाँका नगरपालिकाहरुमा खैलाबैला मच्चिएको छ । आर्थिक अनियमितता गर्ने उदेश्यका साथ नगरपालिका प्रमुखहरुले लामो समयदेखि आफ्ना अनुकुल कर्मचारीलाई निमित्त प्रशासकिय अधिकृतको जिम्मेवारी दिँदै आएपछि बिहिवार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकैपटक रौतहटका १५ वटा नगरपालिकामा उपसचिव स्तरको प्रमुख प्रशासकिय अधिकृतलाई सरुवा गरेपछि कर्मचारीहरुबीच खैलाबैला मच्चिएको हो । दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन नहुँदा विगत ८ वर्षदेखि कतिपय स्थानिय तहहरु निमित्तको भरमा सञ्चालन हुँदै आएको थियो । आफ्ना अनुकुल कामकाज गर्ने मातहतकै कर्मचारीलाई निमित्तको जिम्मा लगाएर नगरप्रमुखले आर्थिक अनियमितता गर्दै आएको आरोप पटक पटक लाग्ने गरेको छ । रौतहटका दुई गाउँपालिकासहित १८ वटा स्थानीय तहहरु मध्ये १५ वटा स्थानीय तहमा मन्त्रालयले उपसचिव स्तरको प्रमुख प्रशासकिय अधिकृत पठाउने नामावली नै सार्वजनिक गरेको छ । मन्त्रालयले विगत लामो समयदेखि निमित्त प्रमुखको भरमा सञ्चालन हुँदै आएको गौर, माधवनारायण, मौलापुर, फतुवा विजयपुर, ईशनाथ, परोहा, राजपुर, कटहरिया, देवाही गोनाही, बृन्दावन, गरुडा, राजदेवी, बौधिमाई, गढीमाई, तह सञ्चालन ऐनमा सरकारले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका लागि उपसचिव र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको लागि शाखा अधिकृतको दरबन्दी तोकेपनि स्थानिय तहका जनप्रतिनिधिहरु आफु अनुकुल



गुजरा नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृत पठाएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रशासन हेर्ने कर्मचारीहरु र स्थानीय तहमा कार्यरत विभिन्न पदका कर्मचारीहरु बिचको आपसी मिलोमतोका कारण वर्षौंदेखि अधिकांश स्थानीय तह निमित्तकै भरमा चलिरहेको थियो । राजपुर नगरपालिकाका स्थानीय समसुदिन अंसारीले भने, 'स्थानिय तह सञ्चालन ऐनमा भएको व्यवस्था अनुसार उपसचिव स्तरका प्रशासकीय अधिकृतलाई अनेकन बहानामा लखेट्ने र कार्यालयकै कर्मचारीलाई निमित्त दिएर लुट्ने धन्दामा जनप्रतिनिधिहरुको मिलेमतो देखिँदा स्थानीय तहहरुमा सबैभन्दा बढी विकृति, विसंगति र भ्रष्टाचारको केन्द्र बन्न पुगेको थियो ।' स्थानिय प्रमुख प्रशासकिय अधिकृत राखेर नियम विपरित निर्णय र बजेट सञ्चालन गर्न सजिलो होस् भन्ने मनोवृतिले गर्दा पनि उपसचिव सरह कर्मचारी रौतहटमा टिकन नसकेको रौतहट क्षेत्र नं. १ (क) का पुर्व प्रदेश सभा सदस्य बाबुलाल साह कानुको तर्क रहेको छ । मन्त्रालयले यहाँका स्थानीय तहमा उपसचिव पठाएपछि विकास निर्माणदेखि जनताको सेवा प्रवाहमा सुधार भई आर्थिक अनियमितता समेत रोकिनेमा नेकपा एमालेका केन्द्रिय सदस्य तथा गौर नगरपलिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताको विश्वास रहेको छ । मन्त्रालयले जिल्लाको स्थानीय तलहरुमा उपसचिव पठाएको नामावली सार्वजनिक गरेपछि अधिकांश नगरपालिका कर्मचारीविहिन बनेपछि सेवाग्रहीका लागि आउने सेवाग्रही प्रभावित बनेका थिए ।

# ९ दिनमा १६३ जनामा हैजा पुष्टि

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा नौ दिनमा एक सय ६३ जनामा हैजा सङ्क्रमण पुष्टि भएको छ । भदौ ६ गते शुक्रवार तीन जनामा हैजा पुष्टि भएकोमा त्यसपछि शनिबार बिहानसम्म सङ्क्रमितको सङ्ख्या एक सय ६३ पुगेको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले जनाएको छ ।
सङ्क्रमितमध्ये एक सय दुई जना उपचारपछि डिस्चार्ज भएका र ६१ जनाको उपचार भइरहेको कार्यालयले जनाएको छ । हैजा पुष्टि हुनेमध्ये एक सय ५४ जना वीरगंज महानगरपालिकाका र नौ जना पोखरीया नगरपालिकाका रहेका जिल्ला स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत धनी सिंहले जानकारी दिए । शुक्रबार मात्रै झाडापखालाका ४१ जना नयाँ बिरामी थपिएका छन् । अहिलेसम्म झाडापखालाका सात सय ५१ बिरामीहरु भर्ना भएकोमा पाँच सय १७ जना उपचारपछि घर फर्किएका छन् । उपचाररत दुई सय १९ जना मध्ये ३४ जना आईसीयूमा र सात जना एचडीसीयूमा छन् । पर्सामा हैजा नियन्त्रणका लागि तीनवटै तहका सरकार सक्रिय छन् । जनचेतनामुलक कार्यक्रमहरु पनि भइरहेको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन